मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ • अंक ३५३ • २०८० साल कातिक २३ गते बिहीबार • Thursday 09, November 2023 • सूर्योदय: बिहान ६:२० बजे • सूर्यास्त: साँझ ५:१७ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## प्रदेश सरकारको संघ सरकारलाई एकमहिने अल्टिमेटम




**प्रमोद कुमार साह**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले संघीय सरकारलाई ३० दिने अल्टिमेटम दिएको छ । मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय जनकपुरधाममा पत्रकार सम्मेलन गरेर बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएर एकमहिने अल्टिमेटम दिन लागेको बताए ।

उनले ज्ञापनपत्र दिन आफ्नै नेतृत्वमा विभिन्न राजनीतिक दलका नेता तथा मन्त्री काठमाडौँ जान लागेको जानकारी दिँदै ज्ञापनपत्र दिएपछि कार्यान्वयनका लागि ३० दिनको समय दिइने र त्यसपछि कार्यान्वयन नभए चरणवद्ध आन्दोलन गरिने बताए । मुख्यमन्त्री यादवले पोखरामा भएको प्रधानमन्त्रीसहितको सातै प्रदेशका मुख्यमन्त्रीसहितको प्रदेश परिषद् बैठकमा प्रधानमन्त्री दाहालले तीन महिनाभित्र प्रहरी समायोजन र संघीय निजामती ऐन अध्यादेशमार्फत भए पनि ल्याउने प्रतिबद्धता गरे पनि हालसम्म कार्यान्वयन नभएको बताए ।

उनले प्रहरी प्रशासन तथा कर्मचारी आफूहरूसँग नभएका कारण प्रदेश सरकारले गर्नु पर्ने काम गर्न नसकेको बताउँदै स्वास्थ्य क्षेत्रको अधिकार आफूहरूसँग आएपछि मधेशको स्वास्थ्य क्षेत्रमा व्यापक परिवर्तन आएको दाबी गरे । उनले प्रदेश सरकारसँग थोरै बजेट भएका कारण राजमार्गको काम गर्न नसकेको दाबी गर्दै जनसंख्याका आधारमा ठूलो प्रदेश भए पनि बजेट निकै थोरै भएकाले सानो काम गर्नु बाध्यता भएको बताए ।

संविधानले दिएको अधिकारको विषय कार्यान्वयन गर्नमा किन ढिलाई भइरहेको भन्दै उनले अधिकारका लागि आन्दोलन गर्नु परे पनि गर्ने पक्षमा प्रदेश सरकार रहेको बताए । यस पटकको आन्दोलन वारपारको हुने पनि मुख्यमन्त्री यादवले दाबी गरे । आन्दोलनको स्वरूप माग कार्यान्वयन नभएपछि ३० दिनपछि बस्ने सर्वदलीय बैठकले तय गर्नेछ ।

दुई दिनमै बोली फेरियो
सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बसेको सर्वदलीय बैठकबाट भएको निर्णय सुनाउँदै मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिमले संघीय सरकारलाई ज्ञापनपत्र बुझाउने र माग पूरा नभए आमरण अनशनमा बस्ने अभिव्यक्ति दिएका थिए ।

बैठकका विषयमा जानकारी दिँदै मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री समिमले संघीयता धरापमा रहेको अवस्थामा मधेश प्रदेश सरकारले संघीयता जोगाउन सोमबार बृहत बैठक बसेको बताउँदै शुक्रबार काठमाडौँ जाने र प्रधानमन्त्रीलाई विज्ञप्ति बुझाई माग अगाडि सार्ने निर्णय गरिएको बताएका थिए ।

मन्त्री समिमले शुक्रबार प्रधामन्त्रीलाई ज्ञापनपत्र बुझाउने र पहिला १५ दिने समयसीमासहितको समय दिने र माग सुनुवाई नभए धर्नाका कार्यक्रम मधेश सरकार, आवद्ध दलहरु र विपक्षीलाई समेत साथमा लिएर गरिने दाबी गरेका थिए । मन्त्री समिमले भनेका थिए, 'शुक्रबार काठमाडौँ जान्छौँ, प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिएर प्रहरी समायोजन, निजामती कर्मचारी, गुठी र वनसम्बन्धी बनेका कानुन कार्यान्वयन गर्दै प्रदेशमा हस्तान्तरण गर्नुपर्ने मागहरु छन्, यी मागहरु तत्काल पूरा गर्न दुई साता समय अवधि दिने छौँ र माग पूरा नभए अनशन बस्छौँ । हाम्रो माग पूरा नहुञ्जेल हामी काठमाडौँबाट फर्किनेवाला छैनौँ ।'

नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता भरत प्रसाद साहले सोही दिन प्रधानमन्त्री दाहाललाई ज्ञापनपत्र बुझाएको १५ दिनभित्र माग सम्बोधन नभए माइतीघर मण्डलमा धर्ना र मधेशको ८ वटै जिल्लामा धर्ना र विरोध प्रदर्शन गरिने बताएका थिए । उनले भनेका थिए, 'यसपालि हामी आश्वासन मात्र लिएर फर्किन्नौँ । प्रदेशको अधिकार नै लिएर आउँछौँ ।'

माओवादीका नेता साहले भने, 'संघीयता बलियो बनाउन र प्रदेशको अधिकार लिन मधेश प्रदेशले अगुवाइ गर्ने अभियानमा सहभागिता जनाउन अन्य प्रदेशलाई पनि आह्वान गर्नेछौँ ।' यी दुई नेताको दाबी अहिले खेर गएको देखिएको छ ।

मुख्यमन्त्री यादवले आन्दोलनको स्वरुपको सम्बन्धमा अहिले दाबी गर्ने अवस्था नरहेको र पछि बैठक बसेर निर्णय पत्रकार सम्मेलनमार्फत नै सार्वजनिक गर्ने बताए । यसरी दुई दिनमै बोली फेरिएपछि प्रदेश सरकारले संघ सरकारलाई दिएको चेतावनीले संघ सरकारलाई कतिको फरक पर्ला ? प्रतीक्षाको विषय बनेको छ । पत्रकार सम्मेलनमा प्रदेश सभामा रहेका विभिन्न दलका नेता तथा प्रदेश सरकारका मन्त्री उपस्थित थिए ।

## आज मङराहामा हाजिरीजवाफ तथा नृत्यकला

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको कमला नगरपालिकामा विगत दुई वर्षदेखि हुँदै आएको अन्तरपालिकास्तरीय हाजिरीजवाफ तथा नृत्यकला प्रतियोगिता यो वर्ष पनि आयोजना भएको छ । कमला नगरपालिका वडा नम्बर १ मावि मंगराहा इश्वरवाडामा सूर्य क्लिनिक एण्ड रिसर्च सेन्टर जनकपुरधामको आयोजनामा हुने प्रतियोगितामा धनुषाका माविस्तरीय चार पालिकाका विद्यालयको सहभागिता रहने छ । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलको प्रमुख आतिथ्यतामा बिहीबार हुने कार्यक्रममा मिथिलाका सुप्रसिद्ध कालाकारद्वय बिएन पटेल र रिना यादव निर्णायक मण्डलीमा रहने छन् भने प्रसिद्ध नृत्य प्रशिक्षक विशाल यादवसमेत निर्णायक


फाइल तस्विर

मण्डलीमा रहनेछन् । प्रतियोगितामा कमला नगरपालिका, शहिदनगर नगरपालिका, विदेह नगरपालिका र जनकनन्दनी गाउँपालिकाका माविस्तरीय विद्यालयले सहभागिता जनाउनेछन् । 'शिक्षा नै हरेक उन्नतिको मुहान हो' नाराका साथ तिहार तथा छठ पर्व २०८० को अवसरमा सूर्य क्लिनिक एण्ड रिसर्च सेन्टर जनकपुरधामका सञ्चालक डा. श्यामबाबु साहको आयोजनामा हुने प्रतियोगितामा कमला नगरपालिकाका मेयर विशेश्वर यादव, मधेश प्रदेश मिडिया काउन्सिलका सदस्य अर्जुन मण्डल, कमला अभियानी विक्रम यादवलगायतको उपस्थिति रहने आयोजक कमिटीले जनाएको छ । प्रतियोगिताको मिडिया पार्टनर जनकनन्दनी एफएम ९५.५ मेगाहर्ज र मधेशदृष्टि दैनिक रहेका छन् । प्रतियोगिताको सहयोगी ज्ञानज्योति कोचिङ्ग सेन्टर मंगराहा रहेको छ ।

"शिक्षा नै हरेक उन्नतिको मुहान हो"
तिहार तथा छठ पर्व २०८० को
पावन अवसरमा
अन्तरपालिकास्तरीय
हाजिरीजवाफ तथा नृत्यकला
प्रतियोगिता
मिति : २०८०/०७/२३ गते
स्थान : श्री ज.मा.वि. मंगराहा ईश्वरवाडा, कमला न.पा.-१, धनुषा
प्रमुख अतिथि
माननीय
श्री रामचन्द्र मण्डलज्यू
सभामुख, मधेश प्रदेश
आयोजक
डा. श्यामबाबु साह
(एम.बी.बी.एस., एम.डी.)
सूर्य क्लिनिक एण्ड रिसर्च सेन्टर
जनकपुरधाम
सहयोगी
ज्ञानज्योति कोचिङ सेन्टर
मंगराहा, कमला न.पा.
मिडिया पार्टनर
मधेशदृष्टि राष्ट्रिय दैनिक
रेडियो जनकनन्दनी एफ.एम.
रेडियो वीरगंज ९९ मेगाहर्ज

धनतेरसमा धनवर्षा
रेडियो वीरगंजमा फोन गर्नुहोस्, पुरस्कार जित्नुहोस्
तपाईंको प्रत्येक फोनमा पुरस्कार
051-528599
CALL & WIN
051-528699
चाँदीको सिक्काहरु, मोबाइल फोन, राइस कुकर, प्रेसर कुकर, ५०० रुपैयाँको एनसेलका रिचार्ड कार्ड, स्टिलका बाटा, स्टिलका थाल, टिफिन बक्स, तोरीको तेललगायतका थुप्रै आकर्षक पुरस्कारहरु पाउनुहुनेछ ।
प्रत्यक्ष प्रसारणः कार्तिक २४ गते शुक्रबार बिहान १०:०० बजेदेखि साँझ ६:०० बजेसम्म ।
रेडियो वीरगंज ९९ मेगाहर्ज
रेडियो पोखरिया
रेडियो जनकनन्दनी जनकपुर
मुख्य प्रायोजकः
निरज ज्वेलर्स वीरगंज
प्रायोजकः
नारायणी किचेन ट्रेडर्स लिंकरोड, वीरगंज
आउटरिच प्रा.लि. ललितपुर
नेपाल टाइम सेन्टर आदर्शनगर
वीरगंज हेल्थ केयर
क्षिरसागर स्वीट्स
फन एण्ड फन
श्री ओमजी नगवा
निलकमल तोरीको तेल

बहुभाषा, बहुजाति, बहुसंस्कृति, बहुभेषभूषा
फरक क्षेत्र, भूगोल, धर्म, समुदाय, संस्कृति र सभ्यता ।
सबैको उमंगको पर्व तिहार, दिदी र भाइको पुनर्मिलन, उज्यालोको पर्व दीपावली
नेपाल सम्वत् र नेवार समुदायको म्हपूजा, मधेशसहित देशकै विशिष्ट पर्व छठको
सबै देशबासी, संसारभरका नेपाली र मधेश प्रदेशका
जनजनमा हार्दिक शुभकामना ।
मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

# निर्वाचित संस्था जनताप्रति उत्तरदायी हुनुपर्छः अध्यक्ष साह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टीका अध्यक्ष प्रभु साहले मुलुकमा लोकतन्त्रका नाममा पार्टीतन्त्रको विचित्र अभ्यास भइरहेको आरोप लगाएका छन् । सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा पत्रकारसँगको भेटघाटमा उनले निर्वाचित संस्था जनताप्रति नभई पार्टीतर्फ उत्तरदायी हुने घटनाले यसलाई पुष्टि गरेको बताए ।
सांसद एवम् पूर्वमन्त्री साहले भने, 'राज्यका संयन्त्रमा जवाफदेहिता कमजोर छ । समानुपातिक निर्वाचनको दुरुपयोग भएको छ । लोकतन्त्र दल र समूह हुँदै नेतामा सीमित बन्न पुगेको छ ।'
देशलाई विकास र समृद्धितर्फ लैजान नेताहरूको सोच र व्यवहारमा ठूलो परिवर्तनको खाँचो आँल्याउँदै उनले भ्रष्टाचार र कालोबजारीले मुलुकलाई थिलथिलो बनाएकाले त्यसका विरुद्ध सबै राजनीतिक शक्तिको एकीकृत प्रतिबद्धता चाहिने बताए ।
जनतालाई केन्द्रमा राखेर काम गर्ने इच्छाशक्ति भए जतिसुकै चुनौतीका बीच परिणाम दिन सकिने उदाहरण प्रस्तुत गर्दै साहले जनताकै सहयोगमा निर्वाचन क्षेत्रमा तीन सय किमी सडक बनाउन र २७ हजार घरपरिवारलाई ग्याससहितको चुलो वितरण गर्न सफल भएको घटना सुनाए । जनउत्तरदायी, पारदर्शी र कर्तव्य पूरा गर्ने कार्यलाई उच्च महत्व दिने हो भने मधेशभित्रको दुर्गम भनेर चिनिएको आफ्नो निर्वाचन क्षेत्रमा भएको विकास अरूका लागि उदाहरण बन्न सक्ने उनले बताए । देशको पूँजी पलायन रोक्ने र आउनेलाई सहजता प्रदान गर्ने स्पष्ट नीति नहुँदा अर्थतन्त्र प्रभावित भएको बताउदै अध्यक्ष साहले राजनीतिक स्थिरता, सदाचार र नेताप्रतिको विश्वास बढाउन सकिएन भने मुलुक निर्माणको अभियानमा चुनौती खडा हुने तर्क गरे ।

## आरती साह प्रकरणमा प्रभुको साथ

आरती साहलाई न्याय दिन माग गर्दै काठमाडौँको माइतीघरमा जारी धर्नामा आम जनता पार्टीका अध्यक्ष प्रभु साहको समेत सहभागिता थपिएको छ । जनकपुर उपमहानगरपालिका–९ थापा चोकका मोतीबाबु साहसँग विवाह गरेकी आरती जेठ ७ गते घरमा मृत भेटिएकी थिइन् । साहको दाइजोका कारण परिवारले हत्या गरेको माइती पक्षको दाबी छ । घटनाको छानबिन गरेर दोषीलाई कारबाही गर्नुपर्ने माग गर्दै साहको परिवार लामो समयदेखि धर्नामा छ । गृह मन्त्रालयले साहका बुबा विनोदप्रसाद साहलाई पत्र पठाएर आधिकारिक प्रतिनिधि तोकेर वार्तामा आउन आग्रह गरेको थियो । तर सरकार र आरती पक्षबीच वार्ता हुन सकेको छैन ।

# जसपा सप्तरीमा समानान्तर जिल्ला समिति



**मधेशदृष्टि**
**राजविराज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीको समानान्तर समिति गठन भएको छ । जसपाका असन्तुष्टको बुधबार राजविराजमा भएको भेलाले अर्को समिति गठन गरेको हो । उमेश यादवको संयोजकत्वमा नयाँ कार्यसमिति बनाइएको असन्तुष्ट पक्षले जनाएको छ । संयोजकमा चयन भएका उमेश विष्णुपुर गाउँपालिकाका निलम्बित अध्यक्ष हुन् । समितिको सदस्यमा शशीदेवी यादव, जिबछ मण्डल, चन्द्रनारायण यादव, पूजन राम, सन्तोष मण्डल, खुश्बु यादव सहित ५७ जना छन् । जसपाको बुधबार जिल्लास्तरीय भेला गरिएको थियो । भेलामा पार्टी नेतृ एवम् पूर्वमन्त्री रेणु यादव, पूर्व प्रदेश मन्त्री शैलेन्द्र साह, नेताहरू शम्भु झा, भीमराज यादव, दयानन्द गोइत, तारकेश्वर यादव सहितकाले सम्बोधन गरेका थिए । जसपाका अध्यक्ष केदार यादवले यसअघि मंगलबार सूचना जारी गर्दै कार्यकर्ता भेलामा सहभागिता नजनाउन भनेका थिए । पार्टी नेतृत्वप्रति असन्तुष्ट भएर उनीहरुले भेला आयोजना गरी समिति बनाएको बुझिएको छ ।

# छठका लागि सरसफाइ र व्यवस्थापन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले सीमित स्रोतसाधन र जनशक्तिका बाबजुद छठ पर्व लक्षित गर्दै सिर्सिया नदी तथा नगर क्षेत्रका छठ घाटको सरसफाइ र व्यवस्थापन कार्य तीव्र रुपमा अगाडि बढाएको छ ।
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको निर्देशनमा मधेशवासीको आस्थाको महान पर्व छठपूजाका लागि महानगर क्षेत्रभित्रका छठघाटको सरसफाइ, बिजुलीबत्ती र अन्य व्यवस्थापन तदारूकताका साथ गर्न निर्देशन दिएलगत्तै वीरगंज महानगरपालिकाको छपकैया, बौधिमाई, माइदियालगायतका पोखरी, नदी तालतलाउको सरसफाइ कार्य भइरहेको र कार्य छिटो सम्पन्न गर्न अनुगमनलाई समेत तिव्रता दिइएको वीरगंज महानगरपालिकाका सरसफाइ अधिकृत सरफुद्दिन मियाले जानकारी दिए ।
बुधबार महानगरपालिकाको अनुगमन टोलीले वडा नम्बर १ बजार छपकैयाका छठघाट, २ को छपकैया छठ पोखरी, १६ को बौधिमाई र माईधिया पोखरी तथा १२ को मुर्ली पोखरीको सरसफाइ र व्यवस्थापनको अनुगमन गरेको थियो ।

# आलमको मुद्दामा १५ दिनपछि फैसला हुने

## आदेश

'मुद्दाको गम्भीरतासमेतलाई विचार गर्दा वादी नेपाल सरकारका तर्फबाट जिल्ला सरकारी वकिलको कार्यालय रौतहट, जाहेरवालाका कानुनव्यवसायी तथा प्रतिवादीका तर्फबाट मुकरर हुनु भएको कानुन व्यवसायीलाई लिखित बहस नोट १५ दिन भित्र पेश गर्नुपर्ने । प्रस्तुत मुद्दामा नेपाल सरकारले मुद्दा नचलाउने निर्णय गर्नुअघिका वादी नेपाल सरकारले गरेको अनुसन्धानक्रममा बुझिएका साक्षीको भनाई व्यहोरा र नेपाल सरकारले मुद्दा नचलाउने गरी गरेको निर्णय सर्वोच्च अदालतबाट बदर हुने गरी भएको आदेशपछिको अनुसन्धानक्रममा बुझिएका साक्षीको मौकाको र अदालतको बकपत्र तथा प्रतिवादीको साक्षीले अदालतमा गरेको बकपत्र समेतको संक्षिप्त व्यहोरासहित प्रस्तुत मुद्दाको तुलनात्मक टिपोट तयार गरी प्रस्तुत मुद्दा दुई वर्ष भन्दा पुरानो भएकाले प्राथमिकताका साथ पेशी तोकी कानुन बमोजिम गर्नु ।'



**सञ्जय मिश्रा**
**रौतहट ।**
राजपुर बम विस्फोट काण्डका आरोपी तत्कालीन सांसद एवम् नेपाली कांग्रेसका नेता मोहम्मद आफताव आलमको मुद्दा १५ दिन पछि सरेको छ । रौतहट जिल्ला अदालतबाट बुधबार न्यायाधीश बाबुकाजी बानियाँको एकल इजलासले दुई बुँदे आदेश दिएसँगै मुद्दा १५ दिनका लागि सरेको हो ।
न्यायाधीश बानियाँको इजलासले दुवैतर्फका वकिलले लिखित बहस नोट र महान्यायाधीवक्ताको कार्यालयबाट मुद्दा नचल्ने निर्णयको रिपोर्ट, सर्वोच्चबाट मुद्दा चल्ने भएपछि साक्षी बकपत्रसहितको टिपोट १५ दिनभित्र पेस गर्न आदेश भएको अदालतका श्रेस्तेदार उद्धव ढोडारीले बताए ।
मंगलबारदेखि चलिरहेको बहसमा वादी नेपाल सरकारका तर्फबाट सरकारी वकिल बद्रीकुमार कार्की, सहायक सरकारी वकिलद्धय दयानिधि रिजाल र विजय महतो, जाहेरवालाका तर्फबाट पुष्प पौडेलले बहस गरेका थिए भने प्रतिवादी आलमका तर्फबाट साबिर हुसैन, सञ्जीव मल्लिक, आफताव आलम, अनन्त कोइराला, अतिकुर रहमान, लालबाबु यादवसहितका अधिवक्ताले बहस गरेका थिए । बुधबार दिउँसो बहस सकेपछि न्यायाधीश बानियाँले दुई बुँदे आदेश दिएका हुन् । पहिलो संविधानसभाको पूर्व सन्ध्यामा राजपुरमा बम विस्फोटन भएको थियो ।
विस्फोटनमा ठूलो मानवीय क्षति भएको तथा राजा चिम्नी उद्योगमा जिउँदै मानिस जलाएका आफताव आलमसहित ७ जना माथि आरोप लागेको थियो । २०७६ सालमा पुनः मुद्दामा आलमलाई पक्राउ गरी थुनछेक बहस हुँदा पुर्पक्षका लागि कारागार चलान गर्ने निर्णय भएको थियो । सोही निर्णयका आधारमा आलम केन्द्रीय कारागारमा कैदीबन्दीसरह जीवन बिताइरहेका छ ।
आलमलाई राजनीतिक पूर्वाग्रहमा फसाइएको, पैसाको बलमा नक्कली साक्षी खडा गरेर घटनालाई कृत्रिम बनाइएको उनका भाइ डा. कौशर आलमले बताए ।

# वडा नम्बर ६ मा तालाबन्दी

स्थानीय तहको चुनावमा जसपाबाट वडाध्यक्ष पदका प्रत्यासी उम्मेदवार राजेश कुमार रायले विष्णुपुर गाउँपालिकाका निलम्बित अध्यक्ष उमेश प्रसाद यादवको निर्देशनमा राजनीतिक प्रतिशोध लिन जनतालाई सेवा दिने वडा कार्यालयमा ताला लगाएर नागरिकको सेवा पाउने अधिकार हनन गरेका छन् ।

**– परमानन्द यादव, वडाध्यक्ष, विष्णुपुर–६**

**अनिल आत्रेय**
**सप्तरी ।**
विष्णुपुर गाउँपालिका–६ मा एक सातादेखि तालाबन्दी भएपछि वडाध्यक्ष परमानन्द यादवले राजनीतिक पूर्वाग्रहका कारण वडा कार्यालयमा तालाबन्दी गरिएको आरोप लगाएका छन् ।
वडाध्यक्ष यादवले राजविराजमा बुधबार पत्रकार सम्मेलन गरेर आफू तीर्थयात्राका लागि भारत गएका बेला राजनीतिक प्रतिशोध लिन कार्यवाहक वडाध्यक्ष रीतादेवी यादवलाई वडा कार्यालय बाहिर निकालेर तालाबन्दी गरिएको आरोप लगाए ।
'म तीर्थयात्राका लागि भारत जानुपर्ने भएकाले कार्तिक १२ गते वडासदस्य रीताकुमारी सदालाई जिम्मेवारी तोकेर जानुअघि राजेश कुमार रायसहितका व्यक्तिहरू ६ बुँदे मागसहित निवेदन लिएर आए, तोक लगाएर दर्ता गरी छठपछि आउनुस्, माग गरिएको कागज विष्णुपुर गाउँपालिकाबाट ल्याउनु पर्छ र अहिले लेखापाल पनि निलम्बनमा गएपछि शाखा बन्द छ भनेको थिएँ ।' साउन ७ गते अख्तियारले छापा मारेपछि विष्णुपुर गाउँपालिकाका निलम्बित अध्यक्ष उमेश प्रसाद यादवलाई वडाध्यक्षले नै फसाएको निहुँमा निलम्बित अध्यक्ष यादव र



स्थानीय जसपाका नेता एवम् संघर्ष समितिका अध्यक्ष राजेश कुमार रायले उनीविरुद्ध योजना बनाएको वडाध्यक्ष यादवको भनाई छ । स्थानीय तहको चुनावमा जसपाबाट वडाध्यक्ष पदका प्रत्यासी उम्मेदवार रायले विष्णुपुर गाउँपालिकाका निलम्बित अध्यक्ष यादवको निर्देशनमा राजनीतिक प्रतिशोध लिन जनतालाई सेवा दिने वडा कार्यालयमा ताला लगाएर नागरिकको सेवा पाउने अधिकारलाई हनन गरेको वडाध्यक्ष यादवको आरोप छ ।
एक सातादेखि वडा कार्यालय बन्द हुँदा सेवाग्राही मर्कामा परेका छन् । पत्रकार सम्मेलनमा वडा सदस्य रीता देवी सदाले वडाध्यक्ष बाहिर रहेकाले आएपछि कागजात उपलब्ध गराउने भने पनि उनीहरूले आफू र सचिवलाई कार्यालय बाहिर निकालेर तालाबन्दी गरेको पत्रकार सम्मेलनमा बताइन् ।
यता, विष्णुपुर गाउँपालिकाका निलम्बित अध्यक्ष यादवले वडा नम्बर ६ को कार्यालयमा तालाबन्दी गर्न कुनै निर्देशन नदिइएको बताए । 'तालाबन्दी गरेर जनताको काम प्रभावित बनाउने काम राम्रो होइन, मेरो कुनै निर्देशन छैन र ताला लगाउनु कुनै पनि समस्याको समाधान होइन,' उनले भने ।
यस्तै संघर्ष समितिका अध्यक्ष रायले वडाध्यक्ष यादवसँग कुनै पूर्वाग्रह नराखेको प्रतिक्रिया दिए । उनले आफूहरूले ६ बुँदे माग राखेर वडाध्यक्षसमक्ष कार्तिक १२ गते निवेदन दर्ता गराएको र कार्तिक १४ गते माग गरिएको सबै कागज दिने प्रतिवद्धता जनाएर उनी आफैँ वडा कार्यालयमा अनुपस्थित हुँदा तालाबन्दी गरिएको बताए ।
स्थानीयले गठन गरेको संघर्ष समितिले आर्थिक वर्ष २०७९÷८० बजेट सार्वजनिक, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, कर्मचारी भर्ना प्रक्रिया, पोखरी ठेक्कापट्टा, सोलारबत्ती जडान र उपभोक्ता समिति गठन प्रक्रियासहितका ६ बुँदे माग राखेर स्थानीय १८ जनाको हस्ताक्षरमा कार्तिक १२ गते निवेदन दिएका थिए ।

# रजघट्टामा जग्गा प्राप्त गर्ने निस्सा वितरण

मधेशदृष्टि
बारा ।
जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १४ रजघट्टाका भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा प्राप्त गर्ने प्रमाणपत्र निस्सा वितरण सुरु भएको छ । पूर्वमन्त्री पुरुषोत्तम पौडेल, प्रदेश सभा सदस्य मञ्जु थापा, जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेल र वडा अध्यक्ष चयन गुरुङले संयुक्तरुपमा भूमिहीन, दलित तथा सुकुम्बासीलाई निस्सा वितरण सुरुवात गरेका हुन् ।
वडा नम्बर १४ मा ५ सय ५० भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी छन् । जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १, २, १५, १७ र २२ मा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको कार्य अगाडि बढाइएको जीतपुर सिमरा उपमहानगरपालिकाले जनाएको छ । वडा नम्बर १६ र १८ मा निस्सा वितरण गरिसकिएको छ भने १४ मा वितरण भइरहेको नगर प्रमुख पौडेलले जानकारी दिए । नगर प्रमुख पौडेलले वडा सहजीकरण समितिबाट नै विवाद निरुपण गरेर नगरमा पठाएको खण्डमा काममा कुनै विवाद नभई जग्गा प्राप्तिको प्रक्रिया द्रूत गतिमा अघि बढ्ने जानकारी दिए । त्यस्तै, वडा अध्यक्ष गुरुङ्गले तिहार अगाडिसम्म निस्सा वितरण कार्य सकाइसक्ने लक्ष्य रहेको जानकारी दिए । जीतपुर सिमरा उपमहानगरपालिकाले छिट्टै जग्गाको लालपुर्जा वितरणका लागि प्रक्रिया सुरु हुने बताएको छ ।

# प्रसौनीमा कांग्रेसको शुभकामना आदानप्रदान



**मधेशदृष्टि**
**बारा ।**
नेपाली कांग्रेस प्रसौनी गाउँपालिका वडा नम्बर ६ बेलहिया प्रस्टोमा हिन्दूको महान पर्व शुभदीपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम भएको छ । नेपाली कांग्रेस प्रसौनी बेलहियाका एकाई सभापति गौरीशंकर साहको अध्यक्षतामा तथा नेपाली कांग्रेस बारा सभापति राजेश राय यादवको विशेष उपस्थितिमा कार्यक्रम भएको हो । कार्यक्रममा नेपाली कांग्रेस बारा क्षेत्र नम्बर ४ का सभापति सुनिल गुप्ता, नेपाली कांग्रेस बारा जिल्ला क्षेत्र नम्बर ४ ख का सभापति लोकेश सिंह, नेपाली कांग्रेस बारा जिल्ला सदस्य नन्देश सिंह, नेपाली कांग्रेस बारा क्षेत्र नम्बर ३ का सहसचिव नाजिर अन्सारी, नेपाल तरुण दलका केन्द्रीय सदस्य राजकिशोर गुप्ता, तरुण दलका बारा सभापति दिपेन्द्र पटेल, तरुण दल बारा जिल्ला क्षेत्र नम्बर ४ का क्षेत्रीय सभापति दीपक कुमार साह, युवा नेता सौरभ गुप्ता, तरुण दलका नेता शुभ नारायण गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# अवैध उत्खनन्मा संलग्न ट्र्याक्टर नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसौनी गाँउपालिकाले जमुनिया खोलाबाट अवैध रुपमा गिट्टी–बालुवा उत्खनन् गरी चोरी निकासी गर्ने ट्र्याक्टर नियन्त्रणमा लिएको छ ।
सखुवा प्रसौनी गाउँपालिका अन्तर्गत जमुनिया खोलाबाट अवैध रुपमा गिट्टी–बालुवा उत्खनन् भइरहेको गुनासो आएपछि अनुगमनमा निस्किएका गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले खोलाबाटै ट्र्याक्टर नियन्त्रणमा लिएका हुन् ।
अध्यक्ष यादव अनुगमनमा पुग्दा खोलाबाट अवैध रुपमा उत्खनन् गरिरहेको अवस्थामा भेटिएको ट्र्याक्टर नियन्त्रणमा लिएर प्रहरी चौकी रंगपुरलाई बुझाइएको छ ।
बालुवासहित नियन्त्रणमा लिइएको ट्र्याक्टरलाई गाँउपालिका कार्यालयले १० हजार रुपैयाँ जरिवाना तिराएर छाड्न कर्मचारीलाई अध्यक्ष यादवले निर्देशन दिएका छन् ।

# पोखरियामा एमालेको चियापान

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले पोखरिया नगर कमिटीको आयोजनामा नेपालीको महान पर्व शुभदीपावली, छठ पर्व तथा नेपाल सम्बतका अवसरमा शुभकामना आदानप्रदान तथा चियापान भएको छ ।
एमाले नगर समिति पोखरियाका अध्यक्ष विन्ध्याचल ठाकुरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पर्सा क्षेत्र नम्बर ३ का सांसद



राजकुमार गुप्ता, नेकपा एमाले मधेश प्रदेशका उपाध्यक्ष विचारी यादव, पोखरिया नगरपालिकाका प्रमुख प्रद्युमन चौहान, उपप्रमुख रुबी ठाकुर, पूर्वसांसद हरिनारायण रौनियार, जयप्रकाश थारु, एमाले केन्द्रीय सदस्य निर्मला देवकोटा, अरबिन्द सिंह, लक्ष्मी श्रेष्ठ कुशवाहा, विश्वनाथ साह तेलीलगायतको सहभागिता थियो । कार्यक्रममा स्वागत मन्तव्य एमाले नगर सचिव सन्तोष गिरीले गरेका थिए भने सहजीकरण विनोद गिरीले गरेका थिए ।

# पोखरियामा बजार अनुगमन

**मधेशदृष्टि**
**वीरगंज ।**
चाडबाड लक्षित गर्दै पोखरिया नगरपालिकाको बजार क्षेत्रमा उपप्रमुख रुबी ठाकुरको नेतृत्वमा बजार अनुगमन गरेको छ ।
चाडबाडमा व्यापारीले खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको कृतिम मूल्यवृद्धि, अखाद्य पदार्थको विक्री वितरण गरेको सूचना आएसँगै उपप्रमुख ठाकुरको नेतृत्वमा रहेको नगरपालिकाका विजय झा, कौशलेन्द्र झा, बाल्मिकी रौनियारलगायतका कर्मचारी सम्मिलित टोलीले बजार अनुगमन गरेको थियो ।
अनुगमनक्रममा अनधिकृत मूल्य वृद्धि गरी मासु बिक्री भएको भेटिएपछि तत्काल मूल्य घटाउन निर्देशन दिइएको थियो ।

# राज्य व्यवस्था समितिका सदस्यहरु प्रभावित क्षेत्रमा



**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडासहित सदस्यहरु स्थलगत अध्ययन र अनुगमनका लागि जाजरकोट–भूकम्पबाट प्रभावित क्षेत्रतर्फ पुगेका छन् । गत शुक्रबारको भूकम्पपछि उद्धार तथा राहत वितरणको अवस्था बुझ्न र आवश्यक अनुगमन र निर्देशनका लागि उनीहरु बुधबार बिहान सुर्खेतबाट जाजरकोट पुगेका हुन् । समितिले भूकम्प प्रभावितका लागि उद्धार र राहत वितरण गर्न मुख्य मुकाम तोकिएको सुर्खेतमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्कासहित उपलब्ध सरकारी अधिकारीसँग हालसम्मको खोज, उद्धार, स्वास्थ्य उपचार र राहतबारे जानकारी लिएको सभापति खतिवडाले जानकारी दिए ।

उनले भने, 'हामीले आज बिहान ८ बजेसम्मको सम्पूर्ण जानकारी उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, सुर्खेतस्थित कर्णाली सरकारका प्रमुख तथा प्रतिनिधि र सुरक्षा र प्रशासनका प्रमुखहरुसँग लिएका थियौँ । अब त्यसबमोजिम नागरिकको उद्धार र राहत वितरणको अवस्थाको अध्ययनका लागि हामी केही क्षणमा जाजरकोट पुग्दैछौँ ।' सभापति खतिवडाले राहत वितरण एवं आवश्यक उद्धारका लागि नेपाली सेनाको हेलिकप्टर सुर्खेतमा तयारी हालतमा राखिएको, सबै घाइतेको उपचार भइरहेको, हाल एकजना घाइतेमात्र आइसियुमा रहेका र अहिले अस्पतालमा ९९ जना घाइते उपचाररत रहेका सुर्खेतमा 'ब्रिफिङ'का क्रममा दिइएको जानकारी दिए । उनका अनुसार सर्खेतमा ब्रिफिङका क्रममा अहिलेसम्म करिब दुई अर्ब ४५ करोड बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको जानकारी दिइएको थियो ।त्यस्तै भूकम्पबाट ११ हजारभन्दा बढी घरमा आंशिक र १६ हजारभन्दा बढीमा पूर्ण रुपमा क्षति पुगेको भन्दै आफूहरुले ती आंशिक क्षति पुगेका घर पनि सबैजसो ढुंगामाटोको रहेकाले काम नलाग्ने अर्थात् पूर्ण क्षतिको सूचीमा राखेर राहत उपलब्ध गराउन सरकारलाई आग्रह गरिएको पनि सभापति खतिवडाले जानकारी दिए । अहिलेसम्म करिब ८० प्रतिशत पीडितलाई राहत उपलब्ध गराइएको, उद्धारको काम सकिएकाले अब राहत वितरणका काममा केन्द्रित भएको, आवश्यकताअनुसार कम्तीमा २० जना अट्ने त्रिपाल ठाउँठाउँमा राखेर पीडितलाई सहयोग उपलब्ध गराइएको, चीनले पठाएका राहत सामग्रीहरु पोखराबाट जाजरकोटतर्फ आउँदै गरेका जानकारी गराइएको पनि सभापति खतिवडाले जानकारी दिए ।

जाजरकोट र रुकुम पश्चिमका राहत नपाएका बाँकी सबै प्रभावित पालिकामा बुधबार नै राहत सामग्री पुग्ने जानकारी आफूहरुले पाएको उनले बताए । आवश्यक राहत पुर्याउने प्रयोजनका लागि सुर्खेतमा नेपाली सेनाका तीनवटा हेलिकप्टर तयारी अवस्थामा राखिएको जानकारी गराइएको पनि सभापति खतिवडाले बताए । आफ्नो निजी खर्चमा समितिका सभापति खतिवडा, सदस्यहरु एवं नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडू, नेकपा (एमाले) का नेता कृष्णगोपाल श्रेष्ठ, नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता बुद्धिमान तामाङलगायत सांसदहरु काठमाडौँबाट सुर्खेत हुँदै जाजरकोट पुगेका हुन् । गत शुक्रबार राति जाजरकोटको बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रबिन्दु भई ६ दशमलव ४ रेक्टर स्केलको भूकम्पा जाँदा एक सय ५३ जनाको मृत्यु भएको थियो भने तीन सयभन्दा बढी घाइते भएका थिए ।

# राहत वितरणमा एकद्वार नीति



**रासस**
**गण्डकी ।**
उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले जाजरकोट तथा रुकुम पश्चिमका भूकम्प प्रभावितलाई राहत वितरणमा सरकारले एकद्वार नीति लिएको जानकारी दिएका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीन सरकारका तर्फबाट भूकम्प प्रभावितका लागि उपलब्ध गराइएको सामग्री बुझेपछि आयोजित पत्रकार सम्मेलनमा उनले विभिन्न दाताले उपलब्ध गराएको सहयोगलाई सङ्कलन गरी तीनवटै सरकारको समन्वयमा एकद्वार प्रणालीबाट भूकम्पपीडितलाई प्रदान गरिने छ भने ।

उनले भने, 'भूकम्प पीडित कोही पनि खुला आकाशमुनि बस्नु नपरोस्, जाडोमा भूइँमा सुत्नु नपरोस् तथा खाद्यान्नविहीन हुनु नपरोस् भन्ने तवरबाट सरकारले काम गरिराखेको छ । यसका लागि आवश्यक व्यवस्थासहित सम्बद्ध पक्षलाई निर्देशन पनि दिइसकेको छ ।' भूकम्पलगत्तै प्रभावित दुबै जिल्लामा सरकारले पाँच÷पाँच करोड रुपैयाँ उपलब्ध गराइसकेको उनले जानकारी दिए ।

भूकम्पपछि मित्रराष्ट्रबाट सहयोग आउनेक्रम जारी रहेको जनाउँदै उनले सहयोगदाताप्रति धन्यवाद व्यक्त गरे । हाम्रो देश प्राकृतिक विपत्तिले जोखिमी देश भएको उल्लेख गर्दै उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले जोखिमी न्युनीकरणसँगै जनधनको कम नोक्सानी हुने गरी चनाखो बन्नु अपरिहार्य छ भने । भूकम्पलगत्तै पहिलो दिन प्रधानमन्त्री स्वयम् स्वास्थ्यकर्मीको टोली लिएर र दोस्रो दिन आँफू स्वयम् पुगी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत वितरणका कामलाई तीव्रता दिइएको उनले जानकारी गराए । यसअघि भूकम्प प्रभावित क्षेत्रका लागि दुईवटा चिनियाँ जहाजमार्फत आएका राहत सामग्री नेपालका लागि चिनियाँ राजदूत छन् सोङले उपप्रधान तथा गृहमन्त्री श्रेष्ठलाई हस्तान्तरण गरेका थिए । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका जहाजमा २८ करोड रुपैयाँ बराबरका चार हजार ६ सय थान ब्ल्याङ्केट र ६०० थान त्रिपाल रहेको जानकारी गराइयो ।

# बहिनीको शोक सम्झेर झस्किन्छिन् जुनी



**बाँके ।**
'मलाई बहिनीले दिदी बचाउनूस् भनिरहिन् । म आफैँ भूकम्पमा पुरिएकी थिएँ । मेरो सास रोकिएको थियो । म बोल्नै र हलचल गर्न सकिरहेकी थिइनँ । मैले टुलुटुलु हेर्नुबाहेक केही गर्न सकिनँ । मैले उनलाई बचाउन सकिनँ । मैले बहिनीलाई मेरै कारणले गुमाएँ' भन्दै चित्कारिएको आवाजले मङ्गलबार नेपालगञ्जस्थित भेरी अस्पतालको वार्ड स्तब्ध थियो ।आफ्नो साथीजस्तै बहिनी गुमाएको पीडामा होस फर्किएदेखि छट्पटाउने गर्छिन् जाजरकोट भेरी नगरपालिका–१ की जुनी विष्ट । शुक्रबार राति जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पमा जुनीले बहिनी मात्रै गुमाइनन्, आफैँ पनि घाइते बनेकी छन् । जुनीको देब्रे हातको नशामा बढी चोट लागेकाले देब्रे हात चल्दैन । खुट्टा उपचार भएको चौथो दिनदेखि बिस्तारै चल्न थालेको छ तर हिँड्डुल गर्न सक्दिनन् । उनलाई अहिले शय्याबाट झर्न र चढ्न सहारा दिनुपर्छ । सुतेकै अवस्थामा पनि शय्यामा फर्कनसमेत नसक्ने जुनीलाई बहिनीको शोकले झन् थलाउँदै लगेको छ ।भूकम्पमा परेर अर्को जीवन पाएकी १७ वर्षीया जुनी बहिनीलाई बचाउन नसकेकामा आत्मग्लानी भइरहेको छ । शनिबारदेखि भेरी अस्पतालमा उपचाररत जुनीले 'बहिनी बचाउन सकिनँ' भन्दै डाँको छाडेर रोइरहन्छिन् । अस्पतालका मनोसामाजिक परामर्शकर्ता कमला डाँगीका अनुसार जुनी उनको रेखदेखमा आएका आफन्तसँग पनि बोल्दिनन् । 'दिनभरि कि सलले मुख छोपेर सुत्नुहुन्छ कि त बहिनी बचाउन नसकेको गुनासो आफैँसँग गर्दै भक्कानिएर रुनुहुन्छ', उनले भनिन्, 'जुनीलाई शारीरिक चोटभन्दा बढी बहिनीलाई आँखै अगाडि गुमाउनु पर्दाको मानसिक चोट धेरै छ ।'

जुनीलाई भूकम्प केवल आफ्नो घरमा मात्र आएको र भूकम्पमा बहिनी मात्रै पुरिएको भन्ने लागिरहेको मनोसामाजिक परामर्शकर्ता डाँगीले बताइन् । अस्पतालमा भर्ना भएदेखि बुधबारसम्म तीन चरणमा जुनीसँग कुरा गरिसकेको जनाउँदै उनले पहिलो र दोस्रो चरणमा उनी बोल्दै नबोलेको र तेस्रो चरण सामान्य चिनाजानमा मात्रै केन्द्रित रहेको बताइन् । डाँगीले भनिन्, 'कुराकानी गर्न लागेको आज तेस्रो दिनमा मात्रै उहाँले मसँग मनमा गुम्सिएका पीडालाई भक्कानिँदै खोल्नुभयो । उहाँलाई आफूलाई लागेको चोटभन्दा पनि धेरै माया गरेर सँगै हुर्किएकी बहिनीलाई गुमाएकामा लागेको रहेछ ।' भूकम्प जानुअघि शुक्रबार रातिसँगै खाना खाएर दुई बहिनी एउटै ओछ्यानमा भुइँतलामा सुतेका कुराकानीका क्रममा जुनीले बताएको डाँगीले उल्लेख गरिन् । सुत्ने बेला शनिबार गाउँमा लागेको मेला हेर्न जाने र मेलामा जाँदा दिदीको नयाँ कुर्तासुरुवाल बहिनीको लगाउने सल्लाह भएकामा बहिनीको त्यो चाहना अधुरै रहेको भन्दै जुनी अस्पतालको शय्यामा भक्कानिने गरेको उनले बताए । 'जुनी नबोल्दा कसैसँग पनि बोल्नुहुन्न । उहाँलाई जति नै बोलाए पनि केही जवाफ दिनुहुन्न । तर आफ्नै सुुरमा एकोहोरो बहिनीलाई सम्झिएर डाँको छोडेर रुनुहुन्छ', मनोसामाजिक परामर्शकर्ता डाँगीले भनिन्, 'उहाँको शरीरमा लागेको चोट औषधीले बिस्तारै निको हुँदै जान्छ । तर उहाँमा मनोसामाजिक समस्या बढी देखिएकाले यो समस्याबाट बाहिर निकाल्न अति नै संवेदनशील भएर कुरा गर्नुपर्ने हुन्छ ।'

परामर्शको चार दिनपछि डाँगीसँग मात्रै मनका कुरा बताउँदै जुनीको बुबा रोजगारीको सिलसिलामा विदेश गएको, आमा र भाइलाई सामान्य चोट लागेको बताइन् । जुनीले आफूले पनि स्टाफ नर्सको पिसिएलमा नाम निकालेको कुराकानीका क्रममा बताएकी डाँगीले जानकारी दिइन् । उनका अनुसार जुनीले बहिनी गुमाएको शोकमा खाना, पानी, औषधीलगायत केही पनि नखाइदिनाले उनको शारीरिक चोट निको हुन समय लागेको छ । 'जुनीको मन र मस्तिष्कमा लागेको आघात निको पार्न उहाँसँग परमर्श र कुराकानी गर्नु नै उत्तम उपाय हो', डाँगीले भनिन् । भेरी अस्पतालमा अहिले ४९ जनाको उपचार भइरहेको बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिइन् । उनका अनुसार अस्पतालमा भूकम्पमा परी घाइते भएका ५३ जनालाई उपचारका लागि ल्याइएको थियो । 'तीनजना निको भई घर फर्कनुभएको छभने एकजनाको उपचारका लागि अस्पताल ल्याउँदै गर्दा बाटैमा मृत्यु भएको थियो', प्रजिअ पोखरेलले भने, 'उपचाररत बिरामीको स्वास्थ्य अवस्था खतरामुक्त छ । धेरैको स्वास्थ्य सोधारोन्मुख हुँदै गइरहेको छ ।'

# प्रभावितलाई दुई करोड

**कर्णाली ।**
प्रदेश सरकारले भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम र सल्यानका १६ स्थानीय तहलाई दुई करोड ४५ लाख रुपैयाँ हस्तान्तरण गरेको छ ।प्रदेश सरकारले जाजरकोटका भेरी र नलगाड नगरपालिका तथा बारेकोट गाउँपालिकालाई २५/२५ लाख, कुशेमा गाउँपालिकालाई २० लाख रुपैयाँ, छेडागाड नगरपालिकालाई १० लाख रुपैयाँ, जुनीचाँदे गाउँपालिकालाई १० लाख रुपैयाँ र शिवालय गाउँपालिकालाई पाँच लाख रुपैयाँ हस्तान्तरण गरेको कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले जानकारी दिए । त्यसैगरी रुकुम पश्चिमको आठबीसकोट र सानीभेरी नगरपालिकालाई २५/२५ लाख रुपैयाँ, चौरजहारी नगरपालिका र त्रिवेणी गाउँपालिकालाई २०/२० लाख रुपैयाँ, मुसिकोट नगरपालिकालाई १० लाख रुपैयाँ र बाँफीकोट गाउँपालिकालाई पाँच लाख रुपैयाँ रकम हस्तान्तरण गरिएको प्रवक्ता जिसीले बताए । उनका अनुसार सल्यानको दार्मा गाउँपालिकालाई १५ लाख रुपैयाँ तथा बागचौर र बनगाड कुपिण्डे नगरपालिकालाई पाँच–पाँच लाख रुपैयाँ हस्तान्तरण गरिएको छ ।भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम र सल्यानमा राहत सामग्री खरिद, वितरण र उद्धार प्रयोजनका लागि स्थानीय तहलाई रकम उपलब्ध गराइएको मन्त्री जिसीले बताए । यही कात्तिक १७ गते राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिकाको रामीडाँडामा केन्द्रबिन्दु बनाएर ६ दशलमलव ४ रेक्टर स्केलको भूकम्प जाँदा ठूलो धनजनको क्षति भएको थियो ।

# पत्रकारलाई महासङ्घको राहत



**रासस**
**काठमाडौँ ।**
जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु भएर गत शुक्रबार राति गएको ६ दशमलव ४ रेक्टरस्केलको भूकम्पबाट प्रभावित सञ्चार संस्था तथा पत्रकारलाई नेपाल पत्रकार महासङ्घले राहत उपलब्ध गराउने भएको छ । बुधबार आयोजित पत्रकार सम्मेलनमा महासङ्घले वैदेशिक शाखा र अन्य सङ्घ संस्थामार्फत राहत सङ्कलनका लागि पहल गर्ने जनाएको छ । भूकम्पले पत्रकार तथा सञ्चार क्षेत्रमा पारेको असर र श्रमजीवी पत्रकारको पक्षमा गरिएको आन्दोलनका विषयमा पनि छलफल भएको महासङ्घका अध्यक्ष विपुल पोख्रेलले जानकारी दिए । पत्रकारिता क्षेत्रलाई श्रम शोषणमुक्त क्षेत्र बनाउन महासङ्घले प्रयास गरिरहेको उनको भनाइ थियो ।अध्यक्ष पोख्रेलले कान्तिपुर मिडिया ग्रुपले महासङ्घलाई विभिन्न आरोप लगाउनु भन्दा गैरकानुनी ढङ्गबाट निष्कासित गरिएका पत्रकारलाई श्रमजीवी पत्रकार ऐनअनुसार सेवा, सुविधा दिन आग्रह गरे । महासङ्घका महासचिव रोशन पुरीले सङ्कलित राहत महासङ्घको केन्द्रीय समितिका पदाधिकारी, सदस्य तथा प्रदेश र जिल्ला समितिका पदाधिकारीबाट सङ्कलन गरेर प्रभावित क्षेत्रका सञ्चार संस्था र पत्रकारको विवरणका आधारमा वितरण गरिने बताए । उनले भूकम्पबाट दुईवटा सञ्चार संस्थाको भवन पूर्णरुपमा क्षति भएको जनाउँदै महासंघका दुई जना केन्द्रीय सदस्यसहित दर्जनौं पत्रकारले बास गुमाएका बताए ।

# भूकम्पपीडितको गुनासोः 'त्रिपाल पनि पाएका छैनौँ'

**रासस**
**रुकुम पश्चिम ।**
गत शुक्रबार जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर ६ दशमलव ४ रेक्टरस्कुलको भूकम्प गयो । भूकम्पले जाजरकोट र रुकुमकापश्चिममा ठूलो मानवीयसँगै भौतिक संरचनामा क्षति पु¥याएको छ । भूकम्पबाट रुकुमपश्चिममा पनि ठूलै मानवीय क्षति भयो । हजारौँ घरहरुमा पूर्ण रुपमा क्षति पुग्यो । रुकुमपश्चिमको आठबीसकोट नगरपालिका–१३ भल्माका ४१ वर्षीया हरिबहादुर ओलीको घर नि बस्नै नमिल्ने गरी भूकम्पले पूर्णरुपमा क्षति ग¥यो । उनको घरमा क्षति गर्नुका साथै परिवारका चार सदस्य घाइते भएका छन् । घाइते हुनेमा हरिबहादुरसहित उनकी श्रीमती



र दुई छोरा छन् ।भूकम्पले भत्काएको घरमा आफूसहित पूरै परिवार पुरिएको हरिबहादुरले सुनाइन् । 'मरिन्छ कि भन्ने लागेको थियो धन्न बाचियो । स्थानीयवासीले रातिनै उद्धार नगरेको भए मेरो सबै परिवार सकिने थियो । स्थानीयवासीले तत्काल पुरिएको घरबाट निकाले अनि बाँच्न सफल भइयो', उनले भने । उपचारकालागि चारै जनालाई नगर अस्पताल राडी पु¥याएको थियो । अस्पतालमा दुई दिनसम्मको उपचार गरेपछि डिस्चार्ज भएको ओलीले बताए । घर फर्किएपछि सरकारले दिएको राहतको नाममा एउटा त्रिपालबाहेक अन्य कुनै सामग्री नपाएको उनले गुनासो गरे । 'राहतको नाममा त्रिपाल आयो । एउटा घरमै त्रिपाल थियो । अहिले राहतको असमा त्रिपाल मुनी बसिरहेका छौँ । चिसो बढेकाले रात कटाउन निकै मुस्किल भइरहेको छ', ओलीले भने, 'अन्य कुनै राहत सामग्री अहिलेसम्म पाएका छैनौँ । राहतको पर्खामै छौँ । पालिकामा धेरै सामग्री आएको छ भन्ने सुन्छु । हामीले त त्रिपाल बाहेक केही आएका छैनौँ ।' घर नजिकै पसल भएकाले उदारोमा चामल, दाल, तेल, नून लिएर खाइरहेको उनले बताए । 'राहत वितरण गरेको तीन दिन भइसक्यो केही अत्तोपत्तो छैन । अहिले पनि भूकम्पको त्रास गरेको छ । शुक्रबार एक्कासि भूकम्प आयो केही थाहा भएन', ओलीले भने, 'सुरुमा कसैले बम हानेको होकी जस्तो लाग्यो । पछि घर पुरिएर चेपिएपछि थाहा भयो, भूकम्प आएको रहेछ ।' वडामै नौ जनाको मृत्यु भएको हुँदा आफ्नो घर पूर्णरूपमा क्षति भए पनि परिवार बाँच्न सफल भएकोमा खुसी लागेको उनले सुनाए । वडा नं १३ मा मात्रै चार सय तीस घर पूर्णरुपमा क्षति भएका वडा कार्यालयले जनाएको छ ।एक सय सत्र घर आंशिक क्षति भएको र ५५ घर सामान्य क्षति भएको वडा सचिव चक्रबहादुर डिसीले जानकारी दिए । पूर्णरुपमा क्षति भएका घरपरिवारका लागि त्रिपाल मात्रै आएको र अन्य खाद्यान्न सामग्री आइनसकेको उनले बताए । 'आंशिक क्षति भएकाले भने त्रिपालसमेत पाएका छैनन् । पालिकाबाट राहत सामग्री आएपछि वितरण गर्ने छौँ', डिसीले भने । उनका अनुसार मृतकका परिवारले २५ हजार किरिया खर्चसहित खाद्यान्न सामग्री पाइसकेका छन् । राहत वितरणको काम भइरहे पनि सबै ठाउँमा राहत वितरण गर्न नसकिएको नगर प्रमुख रवि केसीले स्वीकार गरे । भूकम्पमा परी रुकुम पश्चिमका ५२ जनाको मृत्यु भएको थियो भने भौतिक संरचना पनि ठूलो क्षति पुगेको छ ।

प्रदेश सानो होला तर यसको अनेक पक्षबारे बहस गरिरहन पर्छ ।

-लियोनार्डो कोहेन

## सम्पादकीय

# कानुन कार्यान्वयनमा ढिलाइ किन ?

मधेश सरकारले कर्मचारी समायोजन ऐन, प्रदेश प्रहरी समायोजन ऐन कार्यान्वयन लगायतका मागहरु पूरा नभए चरणवद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ । संविधान बनेको ८ वर्ष र प्रदेश सरकार बनेको ६ वर्ष बितिसक्दासमेत ऐन कार्यान्वयनमा ढिलाइ हुँदा सरकार सञ्चालनमा समस्या आएको भन्दै पटकपटक संघ सरकारलाई ध्यानाकर्षणसमेत गराउँदै आएको छ । कानुन निर्माण समयमा नहुनु र बनेका ऐनकानुन पनि कार्यान्वयन नहुँदा प्रदेशको शान्तिसुरक्षा व्यवस्थित गर्न चुनौती थपिएको छ । प्रदेशलाई दिइएको अधिकार कार्यान्वयन नगर्दा प्रदेशमा सरकारको कानुनी राज्य नै छैन कि भन्ने आभाष हुन थालेको छ । संघ र प्रदेशबीच प्रहरी परिचालनबारे समन्वय नहुँदा जनताले बेलैमा सुरक्षाको अनुभूति गर्न पाएका छैनन् । मधेश प्रदेश आफैँमा एउटा सम्वेदनशील क्षेत्र हो । खुला सीमानाको फाइदा उदाउँदै विभिन्न आपराधिक घटना दिनहुँजसो भइरहेका छन् । आपराधिक घटनाको नियन्त्रण र अपराधको निराकरण गर्न संघसँगको समन्वयको अभावमा प्रदेश सरकार चुकिरहेको देखिन्छ ।

प्रदेशमा धार्मिक तथा सामाजिक सद्भाव बिथोल्ने क्रियाकलाप बढ्दै गइरहेका छन् । यसको नियन्त्रणमा देखिएको उदाशीनताले कतै संघीयता असफल बनाउन चलखेल त भइरहेको छैन भन्ने आशंका संघीयता पक्षधरहरुले गरिरहेका छन् । कोशी प्रदेशमा सरकार बनाउने र गिराउने प्रकरण चलिरहदा त्यसलाई देखाएर संघीयताबारे आम जनतामा नैराश्यता पैदा त गर्न खोजिएको छैन भन्ने प्रश्न पनि उठिरहेको छ । संघीयता र विकेन्द्रीकरण दुई फरक व्यवस्था हुन् । संघीयताको विकल्प विकेन्द्रीकरण हुनै सक्दैन भन्ने संघीयता पक्षधरको मत छ । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था भएको मुलुक भए पनि संघीयताको अनुभूति जनताले गर्न सकेका छैनन् । अहिले पनि संघ नियन्त्रित शासन व्यवस्थाले प्रदेश सरकारलाई सञ्चालन गर्न समस्या भइरहेको छ । प्रदेश प्रहरी समायोजन, निजामती कर्मचारी समायोजन, गुठी र वन सम्बन्धी विधेयक र कानुन निर्माण भएको लामो समय बितिसक्दा पनि कार्यान्वयनमा नआउनुले संघ सरकारको नियममाथि शंका उत्पन्न भएको छ । प्रदेशलाई विकासको बाटोमा लैजान प्रदेशको आफनो अधिकार र निर्णय गर्न सम्पूर्ण अधिकार हुनुपर्छ ।

विकासका कामका लागि प्रदेश सरकारसमक्ष कानुनको अधिकार नहुदाँ प्रदेशलाई विकासको बाटोमा डोऱ्याउन सकिएको छैन । संघीयता जोगाउनका लागि प्रदेश सरकारले उठाएका माग समयमै सम्बोधन नभए आन्दोलन गर्ने चेतावनीसमेत दिइएको छ । संघीयताको मूलमर्म बुझेको संघ सरकारले प्रदेशलाई अधिकारसम्पन्न बनाउन ढिलाई र कन्जुस्याइँ गर्नु किमार्थ उत्तम हुँदैन । जनतामा बढेको असन्तुष्टिसँगै सरकारहरु नै यसरी एक अर्काविरुद्ध आन्दोलन र अल्टिमेटम दिने अवस्था आउनु झन व्यवस्थाको खराबी हो । खराबी सुधारेर जनतालाई सुशासन दिन सकिएन भने पक्कै यो नैराश्यताले नतिजा व्यवस्थामाथि नै प्रहार हुनेछ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

# ‘घरले थिच्यो, भाग्यले बाँचियो’



बुद्धि पुन

दार्मा गाउँपालिका–२ लिरापाजाका हर्कु खत्री उमेरले ८१ वर्षको हुनुभयो । घरायसी काम गर्न नसकेपनि उहाँले वरपर गर्ने, घरको देखदेख गर्ने, नातिनातिनाको रेखदेख गर्ने गर्नुहुन्छ । उहाँका कान्छा छोरा टेक बहादुर केसीले दुई वर्षअघि मात्रै दुई तले टिनले छाएको घर बनाउनुभएको थियो । घर बनाउँदाको ऋण तिर्ने पैसा कमाउन भन्दै टेक बहादुर असोज महिनामा कालापार (भारत) जानुभयो । उहाँले कालापार गएको झण्डै एक महिनापछि कात्तिक १७ गते बिहान घर फर्कनुभएको थियो ।

साँझको खाना खाएर कान्छा छोराको चार जनाको परिवार एउटा कोठामा सुत्न गए । ८१ वर्षीय हर्कु माइला छोराका दुई ओटा



छोरा (नाति) सँग सुत्न अर्को कोठामा जानुभयो । रातको साढेँ ११ बजेतिर हर्कु शौच गएर फर्केपछि उहाँलाई निद्रा लागेन । कोठामा बसेको बेला एक्कासी उहाँलाई हल्लायो । उहाँ बसेको ठाउँबाट उठ्नै सक्नुभएन् । अनि छोराबुहारीलाई बोलाउनुभयो । हर्कुले बोलाएपछि छोरा उठेर आफ्ना बच्चा र पतिलाई बाहिर निकाल्नु भएको थियो । त्यसबेला सम्म घरको भित्ता ढलेर ढुङ्गा ओछ्यानमा आइसकेका थिए । हतारमा आफुसँगै सुतेका नातिलाई उठाएर हर्कु बाहिर निस्कदै हुनुहुन्थ्यो भित्ताको ढुङ्गाले उहाँले घाँटीमा र बुहारीको खुट्टामा लाग्यो । जब परिवारसबै बाहिर निस्किए, त्यसअघि नै घरको आधा भाग ढलिसकेको थियो ।

‘त्यही दिन बिहान छोरा घरमा आयो, साँझ भुइँचालो गयो, सायद छोरा घरमा नआएको भए त, हाम्रो परिवार नै सकिने रहिछ, घर भत्कियो, तर हामी बाँच्न सफल भयौँ’ गहँभरी आँसु बनाएर ८१ वर्षीय हुर्कुले भन्नुभयो ‘भुइँचालो पहिले पनि जान्थ्यौँ, तर यस्तो असर गर्थेनन्, यसपटक हाम्रो परिवार नै सिध्याउने रहेछ, तर धन्न भाग्यले बाँचियो, घर भत्किएर ढुङ्गाले लाग्दा पनि ठुलो चोट लागेन, हाम्रो परिवार सकुशल रहयो ।’

‘गाउँभरि हल्लाखल्ला मच्चियो, भैसी बाँधेको गोठ भत्कियो, झट्टपट्ट भैँसी फुकाएर बाहिर ल्यायौँ, घर भत्कियो, गोठ भत्कियो, चर्पी भत्कियो, मात्रै हामी सकुशल रहेका छौँ’ उहाँले थप्नुभयो ‘घर बनाउन ल्याएको ऋण तिर्न बाँकी छ, तर घर छैन्, रातको समय भएकाले गाउँमा जान सकिएन्, आँगनमा आगो ताप्दै रात काट्यौ, विहान उज्यालो हुँदा घर छैन्, गोठ छैन्, जेठा र माइला छोराको पनि घर छैन्, छिमेकीका घर छैनन्, धन्न मान्छे बाँच्यौ ।’

अहिले आँगनमा नै त्रिपाल टाँगेर रात काट्दै आएको उहाँ बताउनुहुन्छ । ‘सकेजतिका लत्ताकपडा र भाँडाकुडा भत्किएको घरबाट बाहिर तान्यौँ, अहिले आँगनमा नै बास भएको छ, न खान मन लाग्छ, न त निद्रा नै लाग्छ, यति ठुलो घर बनाएर त्रिपालमुनी



सुनुपर्ला भन्ने कहिले पनि सोचेको थिएन्’ उहाँले भन्नुभयो ‘जे नहुनु थियो, त्यही भयो, अब हाम्रो व्यवस्थापन राज्यले गरोस् ।’

उहाँकै छिमेकी बहादुर दमाई ७९ बर्षको हुनुभयो । बहादुरका बुढाबुढी र छोराहरु एउटै घरमा तर अलग–अलग कोठामा बस्नुहन्छ । घरको माथिल्लो तलामा उहाँका बुढाबुढी र भुईतलामा उहाँका दुई ओटा छोरा छुट्टाछुट्टै कोठामा बस्दै आएका थिए । भूकम्प गएको दुई दिनअघि बहादुरका बुढाबुढी कान्छा छोराले बनाएको नयाँ घरमा बास बस्न जानुभएको थियो । ‘छोरा झ्यारीबाङबाट कपडा सिलाएर राती ११ बजे घरमा आयो, खाना खाएर अब सुत्छु भन्ने बेलामा घर एक्कसी हल्लियो, ओहो ! भुइँचालो आयो भनेर बाहिर निस्कने बेलामा घर भत्कियो, ढोकाको चुक्कल लाग्यो, छोरा बाहिर तर बुहारी र नाति भित्र थुनिए, म एक्लै बाँचेर के गरु ? मरे सबै मरुम्ला भनेर ढोका फोडेपछि बुहारी र नाति बाहिर आए, अर्को कोठामा तीन जना नातिनी सुतेका थिए, घरको भित्ता भत्किए, तर ढोका नभत्किएकाले नातिनीहरु पनि सकुशल बाहिर आए,’ उहाँले भन्नुभयो ।

‘हामी यही घरैमा भएको भए त माथिल्लो तलामा हामी बस्थिम, सुरुमा हामी मर्ने थियौँ’ रुदैँ उहाँले भन्नुभयो ‘सम्पतीका नाममा एउटा घर थियो, त्यही घरमा तीन जनाको परिवार बस्दै आएका थियो, भुइँचालोले त्यही घर पनि लियो, अहिले त हामी घर न घाटका भयौँ गरिवलाई त भगवानले पनि हेला गर्ने रहिछन् ।’ अहिले खुला आकाशमुनि शित छल्ने च्यादर हालेर बस्दै आएको उहाँको भनाइ छ ।

### न निद्रा लाग्छ, न भोक

भूकम्पबाट दार्मा गाउँपालिका धेरै प्रभावित भएको छ । यसै गाउँपालिका वडा नं. १, २, ५ र ६ नम्बर वडा बढी प्रभावित भएका छन् । भूकम्पका कारण प्रभावित नागरिकलाई भूकम्पको त्रास अझै पनि छ । कति बेला भुकम्प आउँछ भन्ने त्रासैत्रासमा रात दिन बित्ने गरेको स्थानीय गोपाल केसीले बताउनुभयो ।

‘भूकम्पका कारण घरमा बस्ने अवस्था छैन्, चौडा ठाउँमा ४ वर्षअघि मात्रै लाखौँ खर्च गरेर घर बनाएका हौँ, घरमा सिमेन्ट बालुवाले प्लास्टर गरेका छौँ, छड राखेर पिलर ठडाइ बार्दलीमा पनि ढलान गरेका छौँ, जतिसक्दो मजबुद होस् भनेर घर बनाएका हौँ, तर भूकम्पले क्षति गरेको छ, घरमा बस्नसक्ने अवस्था नै छैन’ उहाँले भन्नुभयो ।भुकम्पका कारण निद्रा, भोक सबै हराएको उहाँको भनाइ छ । उहाँको परिवारमा ११ जना हुनुहुन्छ ।

### भूकम्पबाट ५ सय २६ घरगोठमा क्षति

भूकम्पमा परेर सल्यानमा ५ सय २६ घरगोठमा क्षति पुगेको छ । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क अनुसार कुनै मानवीय क्षति नभएपनि भौतिक संरचनामा भने ठुलो मात्रामा क्षति भएको हो । जसमा पुर्णरुपमा ९५ घरमा क्षति भएको छ । यस्तै आंशिक रुपमा २ सय ५६ र १ सय १७ घरमा सामान्य क्षति भएको सल्यान प्रहरी प्रमुख, डिएसपि नबिन कार्कीले जानकारी दिनुभयो ।

सबैभन्दा धेरै दार्मा गाउँपालिकामा क्षति भएको छ । दार्मा गाउँपालिकामा ९३ घरमा पुर्ण, आंशिक रुपमा २ सय ३६ र सामान्य ६६ घरमा गरेर ३ सय ९८ घरमा क्षति पुगेको छ । यस्तै सिद्धकुमाख गाउँपालिकामा आंशिक दुई र सामान्य १८ गरी जम्मा २० घरमा क्षति भएको छ ।

यस्तै शारदा नगरपालिकामा आंशिक एक र सामान्य दुई गरी तीन ओटा घरमा, बागचौर नगरपालिकामा पुर्ण क्षति दुई घरमा, आंशिक दुई घरमा र सामान्य १७ गरी जम्मा २२ ओटा घरमा क्षति भएको छ । यस्तै गरी कपुरकोट गाउँपालिकामा आंशिक तीन ओटा घर र सामान्य २३ ओटा गरी जम्मा २६ घरमा, त्रिवेणी गाँउपालिकामा आंशिक एक घरमा र बनगाड कुपिन्डे नगरपालिकामा आंशिक ६ र सामान्य ४६ गरी जम्मा ५२ ओटा घरमा क्षति भएको छ ।

### भूकम्प प्रभावितलाई त्रिपाल, कम्बल र खाद्यान्न

भूकम्पबाट प्रभावित भएका यहाँका नागरिकलाई राहत वितरण गर्न थालिएको छ । घर भत्किएर चौरमा बस्दै आएका पीडितलाई तत्कालको लागि त्रिपाल, कम्बल, खाद्यान्न वितरण गर्न थालिएको गाउँपालिका अध्यक्ष निम बहादुर केसीले बताउनुभयो । पूर्णरुपमा घर भत्किएर चौरमा बस्दै आएका पीडितलाई प्राथमिकता दिएर राहत वितरण गर्न थालिएको उहाँले बताउनुभयो ।

‘क्षतिको विवरण सङ्कलन गरिरहेका छौँ, पडितको पहिचान गर्ने र तत्कालको लागि गाँस, बासको व्यवस्था गरिरहेका छौँ’ उहाँले भन्नुभयो ‘हामीले अहिले दिएको राहत तत्कालको लागि हो, पालिकाले भूकम्प प्रभावितको उचित व्यवस्थापन गर्छ, हामीले हाम्रा नागरिकलाई भोकभोकै मर्न दिदैनौँ, वास्तविक पीडित नछुटोस् भन्ने हेतुका साथै प्रहरी, जनप्रतिनिधि, कर्मचारी प्रभावित क्षेत्रमा खटिएका छौँ ।’

दार्माका भूकम्प प्रभावितको लागि नेपाल रेडक्रस सोसाइटीले राहत सामाग्री उपलब्ध गराएको छ । रेडक्रसले ६० थान कम्बल र ५० थान त्रिपाल गाउँपालिकालाई हस्तान्तरण गरिएको रेडक्रसका जिल्ला सभापति यौवन प्रकाश श्रेष्ठले जानकारी दिनुभयो ।

~~~

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्का : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
घरजग्गा तथा साधन बाहनमा वृद्धि हुनेछ, आजको दिन उन्नति प्रगति हुने समय छ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आमाको सल्लाहले नया कामको थालनी हुनसक्छ, पशुचौपायाबाट फाइदा होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन पाचन शक्ति कमजोर हुने हुदा पेटमा समस्या आउन सक्छ, राजनीति तथा नोकरीमा लाभ होला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन अनाबश्यक कार्यमा खर्च होला, तपाइको खुट्टा तान्नेहरुको कमि हुनेछैन ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
बोल्दा साबधानी अपनाउनुहोला, पुरानो कुरा फेरी दोहोरिन सक्ला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
मनमा आजको दिन खिन्नता छाउनेछ, इस्टमित्र तथा आफन्तजनबाट सहयोग मिल्नेछ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
सुनचादी तथा रत्नको प्राप्ति होला, तपाइको सुन्दरताको बयान चारैतिरबाट हुनेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
बैदेसिक यात्राको अवसर पनि आउन सक्नेछ, तपाइको बल तथा पराक्रम सबैले देख्नेछन ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन दण्ड तथा जरिवाना हुनसक्छ, कुनै पनि अनाबश्यक बिबादमा परिएला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
धैर्यले काम लिनुहोला, टाउको वा अनुहारमा समस्या आउन सक्छ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
इज्जत मान तथा प्रतिष्ठामा वृद्धि होला, आजको दिन तपाइको वाहवाही हुनेछ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
मनमा शान्ति तथा अनुहारमा कान्ति छाउला, शारीरिक रुपमा बलवान भइएला ।
~~~

# सदन कार्यमुखी र परिणाममुखी हुनुपर्छः श्रेष्ठ



काठमाडौँ ।
जनता समाजवादी पार्टी (जसपा) नेपालकी नेत्री सुशीला श्रेष्ठ लोकतन्त्रमा सरकार तथा सदनका कामकारबाही प्रक्रियामुखी नभई कार्यमुखी र परिणाममुखी हुनुपर्नेमा दृढ मान्यता राख्छिन् । सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटमाथि लामो कर्मकाण्डी बहस–छलफल भए पनि त्यसमा समावेश गर्न दिइएका सुझाव र संशोधन नसमेटिएकामा उनी तीव्र असन्तुष्टि व्यक्त गर्छिन् ।

सांसद श्रेष्ठ भन्छिन्, 'दैनिक १० लाख रुपैयाँ खर्च गरी बजेटमाथि महिनौँ छलफल गरियो । त्यसमा आएका सकारात्मक सुझाव समेट्नुपथ्र्या े । सरकारले जे ल्यायो, बैठकमा हुन्छ र हुन्न भन्ने आधारमा अल्पमत, बहुमत र सहमतिका नाममा पास भएको देखेँ । त्यो व्यावहारिक लागेन ।' यस्तो ढाँचा, ढर्रा र औपचारिकताले देशले गति नलिने उल्लेख गर्दै उनले परिणाम नदिने झन्झटिलो प्रक्रियालाई तत्कालै सच्याएर जानुपर्ने सुझाव दिइन् । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीच भ्रष्टाचार र अनियमितताका लागि नभई जनतालाई सुलभरूपमा दिनुपर्ने सेवा–सुविधाबारे गम्भीर समीक्षा हुनुपर्नेमा जोड दिँदै सांसद श्रेष्ठले देश र जनहितमा राष्ट्रिय सहमतिका लागि बनाइने कार्ययोजना, नीति र विधिका विषयमा संसद् र दलका बैठकमा गहन छलफल र मन्थनको आवश्यकता औँल्याइन् । पार्टीले सदनमा गई नीति–निर्माणमा सहभागी हुन आफूलाई पहिलो मौका प्रदान गरेकामा गौरव महसुस गर्दै उनले संसद्मा बजेट तर्जुमा तथा राष्ट्रिय गतिविधिलाई नीतिगतरूपले व्यवस्थित र व्यावहारिकरूपले परिमार्जन गर्ने सोचाइबाट आफू आए पनि कार्यान्वयनको पाटो फितलो भएकामा दुःख व्यक्त गरिन् । मुलुकमा भ्रष्टाचार बढ्नुमा नेता स्वयं नीतिगत भ्रष्टाचारमा संलग्न हुने तथा आफूअनुकूलको कानुन बनाउने घटनाले पुष्टि गरेको उल्लेख गर्दै उनले प्रतिनिधिसभामा समानुपातिक प्रणालीबाट निर्वाचित सदस्य सुन, ललिता निवास र नक्कली भुटानी शरणार्थी प्रकरण प्रतिनिधिमूलक नमूना घटनाका रूपमा रहेको प्रतिक्रिया दिइन् । मुलुकमा राजनीतिक परिवर्तनका लागि सहयात्रा गरेका राजनीतिक दल र नेताले आफ्ना स्वार्थका लागि जस्तोसुकै विषयमा सम्झौता गर्ने प्रवृत्ति अन्त्य गर्न आवश्यक रहेको सांसद श्रेष्ठको भनाइ छ ।
राजनीतिक घटनाक्रमले आदर्श र सिद्धान्तभन्दा नेताहरूले पार्टी, गुट र परिवारवादलाई महत्त्व दिएको देखिएको उनले आरोप लगाइन् । विसं २०२८÷२९ मा नयाँ शिक्षा विरोधी विद्यार्थी आन्दोलनमा सहभागी भई राजनीतिक यात्रा प्रारम्भ गरेकी सांसद श्रेष्ठसँग स्ववियु कोषाध्यक्ष, क्रान्तिकारी महिला सङ्घको सदस्य, भूमिगत जीवन र अनेमसङ्घका केन्द्रीय सदस्य भई काम गरेको अनुभव छ ।
नेकपा (माले) उदयपुर जिल्ला सचिव, अनेमसङ्घ उपाध्यक्ष, माले केन्द्रीय कमिटी सदस्य, हाल सङ्घीय समाजवादी पार्टी नेपालको राजनीतिक समिति सदस्य भई काम गरेकी उनी हाल जसपा बागमती प्रदेश इन्चार्ज पनि हुन् । सांसद श्रेष्ठले भनिन्, 'देशमा महँगी र बेरोजगारी चुलिएको छ, आम्दानीको स्रोत छैन, मुलुकको ठूलो श्रमशक्ति युवा–विद्यार्थी विदेश पलायन भइरहेका छन् । जलस्रोतको धनी भनिए पनि कतिपय गाउँमा खानेपानी अभावमा तड्पिनुपर्ने परिस्थिति छ । यस्तो बेला परिवर्तनका सहयात्रीबीच आरोप–प्रत्यारोप नभई देश विकासको साझा एजेन्डा आउनुपथ्र्यो, तर त्यो खै ?'
महिलाले अंश पाउनुपर्छ र वंशज कायम हुनुपर्छ भन्ने मागको सहज कार्यान्वयनमा अझै चुनौती रहेको उल्लेख गर्दै सांसद श्रेष्ठले बनेका कानुन कार्यान्वयनमा राज्यका संयन्त्र जागरुक हुनुपर्ने देखिन्छ भनिन् । सम्पत्तिभन्दा मान, सम्मान, इज्जत र प्रतिष्ठा महत्त्वपूर्ण विषय भएको भन्दै नेत्री श्रेष्ठले भनिन्, 'पैसाभन्दा समाजमा सम्मान कमाउन निकै कठिन छ, जेल र भूमिगत जीवन बिताएका पाका नेतासमेतले विगतको आफ्नो योगदान बिर्सिएर लोभ गर्नुभयो भने सबैले विरोध गर्नुपर्छ ।' सदनलाई व्यवस्थित र मर्यादित बनाउने सांसदको नै दायित्व भएकाले कमी–कमजोरीलाई सुधार गरेर अघि बढ्न प्रतिनिधिसभा, पूर्वाधार विकास समिति सदस्य सांसद श्रेष्ठले सबैलाई सुझाइन् ।

पछिल्ला चुनावमा उम्मेदवारबाट भएको खर्चको स्थितिले कहालीलाग्दो अवस्था देखाउने उल्लेख गर्दै उनले जसपा कार्यकारी समिति सदस्यले यसमा सुधार नगर्ने हो भने आर्थिक अवस्था कमजोर हुने तथा भ्रष्टाचार नगर्नेहरू केही समयमै राजनीतिक क्षेत्रबाट बाहिरिने ठोकुवा गरिन् । पार्टी सङ्गठन कमजोर र हारिने क्षेत्रमा महिलालाई उम्मेदवार बनाउने प्रवृत्ति सच्याउन आवश्यक रहेको सांसद श्रेष्ठको भनाइ छ । उनले भनिन्, 'निर्वाचन प्रणाली पूर्ण समानुपातिक र समावेशी बनाउनुपर्छ । यसबाट भ्रष्टाचार रोकिन्छ कि जस्तो लाग्छ, अहिले समानुपातिकमा पुरुषको भाग खोसिएको छ ।' उनका अनुसार प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत कुनै निर्वाचन क्षेत्रमा आलोपालो चलाएर महिलाको स्थान सुरक्षित गर्न सकिन्छ ।

एक प्रसङ्गमा सांसद श्रेष्ठले नागरिकता प्रमाणपत्र दिइँदा आमाको नाम भएको स्थानमा बेठिक चिह्न लगाइएकामा त्यसविरुद्ध मुद्दा हाल्नुपर्ने अवस्था आउनसक्ने चेतावनी दिइन् । हाम्रा संस्कार, संस्कृति, सद्भाव र मेलमिलापको भावनाको संरक्षण गर्न आवश्यक रहेको उल्लेख गर्दै नेत्री श्रेष्ठले युवा र विद्यार्थीलाई विदेश पलायनका लागि रोक्ने शिक्षा पनि दिनुपर्नेमा जोड दिइन् ।

# कोप–२८

## आफ्नै 'पेभिलियन' आवश्यक

**काठमाडौँ ।**
जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि(युएनएफसिसिसी)का पक्ष राष्ट्रहरुको २८औँ सम्मेलन (कोप–२८) आगामी मङ्सिर १४ देखि २६ गते (नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिख) हुँदैछ ।संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा हुन लागेको सम्मेलनको तयारीका लागि वन तथा वातावरण मन्त्रालयले तीव्र रुपमा काम थालेको छ ।
मन्त्रालयले सम्मेलनमा नेपालका तर्फबाट उठाउनुपर्ने विषयको तयारीका लागि जलवायु वित्त, अनुकूलन, पर्वतीय प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि, हानि र नोक्सानी, लैङ्गिक, युवा, बालबालिका, जलवायु सशक्तीकरण, जलवायु परिवर्तनका असर न्यूनीकरण गरी छ बुँदामा केन्द्रित रहेर विज्ञ समूह गठन गरी सुझाव सङ्कलन गरेको छ ।यसैगरी, यस पटकको सम्मेलनमा आफ्ना कार्यक्रम गर्नका लागि नेपालले सम्मेलन परिसरमा 'पेभिलिएन' (बृहत् मण्डला) स्थापना गर्दैछ । गत वर्ष इजिप्टको सार्म अल शेख सहरमा भएको कोप–२७ सम्मेलनमा नेपालले पहिलो पटक सम्मेलन परिसरभित्र आफ्नो सम्पर्क कार्यालय स्थापना गरेको थियो ।नेपालले आफ्नै पेभिलिएन हुने भएपछि मन्त्रालयले केही समयअघि आह्वान गरेको सूचनाबमोजिम नेपालस्थित धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम गर्नका लागि आवेदन दिएका थिए । त्यसमध्ये मन्त्रालयले छनोट गरी कार्यक्रमको अन्तिम रुपरेखा प्रदान गरेको मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा बुद्धिसागर पौडेलले जानकारी दिए । मन्त्रालयको तालिकाअनुसार 'पेभिलिएन'मा डिसेम्बर ३ देखि ११ तारिखसम्म दैनिक चार कार्यक्रमका दरले विभिन्न विषयका ३२ भन्दा बढी कार्यक्रम हुने निश्चित भएको छ । यसरी नेपालले उजागर गर्ने विषयमा नै जोड पुग्ने गरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले कार्यक्रम गर्न लागेको यो इतिहासमै पहिलोपटक हो ।
पेभिलिएनमा हुने कार्यक्रमले नेपालका मुद्दामा विभिन्न कार्यक्रम गर्न सकिने र आफ्ना मुद्दा प्रदर्शन गर्न ठूलो सहयोग पुग्ने यस क्षेत्रका




जानकारहरूको भनाइ छ । यसरी कार्यक्रम गर्दा नेपालमा जलवायु परिवर्तनका समस्याले पारेको असर र समाधानका उपाय पहिल्याउन, यस सम्बन्धमा नेपालमा भएका असल अभ्यास अन्तर्राष्ट्रिय समुदायसमक्ष राख्न उपयोगी हुनेछ । साथै जलवायुजन्य समस्या समाधानका लागि जलवायु वित्त जुटाउन, नेपालको वास्तविक अवस्थाका र प्रतिबद्धता जनाउन पेभिलिएन उपयोगी हुने मन्त्रालयको विकास सहायता समन्वय शाखाका उपसचिव ज्ञानेन्द्र मिश्रले जानकारी दिए । यस्तै पेभिलिएनमा सञ्चालन गरिने कार्यक्रमले नेपालका स्थानीय मुद्दा र जलवायु परिवर्तनले प्रभाव पारेको विषयलाई प्रमाणसहित अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न मद्दत पुग्ने प्राक्टिकल एक्सन संस्थाका जलवायु विज्ञ धर्मराज उप्रेतीले बताए ।
पेभिलिएनमा नेपालीभन्दा बढी विदेशी विज्ञहरुको उपस्थिति हुने अनुमान गर्दै उनले यसले नेपालका मुद्दा सुनुवाइसमेत प्रभावकारी रुपमा हुने विश्वास व्यक्त गरे । जलवायु परिवर्तनले विभिन्न क्षेत्र र समुदायमा पारेको असरबारे विभिन्न संस्थाले फरक–फरक विषयमा फरक फरक कार्यक्रम गर्दा सरकारलाई समेत सबै विषय समेट्न सहज हुने बताइएको छ ।सन् १९९४ मा जलवायुसम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि महासन्धिका पक्षराष्ट्रको विश्वव्यापी सम्मेलन हुँदै आएको छ । सन् १९९५ मार्च २८ देखि अप्रिल ७ सम्म जर्मनीको बर्लिनमा भएको पहिलो सम्मेलन कोप–१ देखि हालसम्मका सबै सम्मेलनमा नेपालले भाग लिँदै आए पनि आफ्नै पेभिलिएन नहुँदा नेपालले अन्य देश र संस्थाका पेभिलिएनमा कार्यक्रम गर्नुपर्ने बाध्यता थियो । पेभिलिएनको खर्च एक करोड रुपैयाँभन्दा बढी भए पनि वनमन्त्री डा वीरेन्द्रप्रसाद महतोको अग्रसरतामा युएई सरकारले नेपाललाई निःशुल्क प्रदान गरेको हो । मन्त्री महतोले हालसम्मका जलवायु सम्मेलनमा नीतिनियम र आपसी समन्वयको कमीलगायत कारणले प्रभावकारी उपलब्धि हासिल गर्न नसकिएको बताउँदै आगामी दिनमा यसअघि भएका कमजोरी नहुने गरी काम भइरहेको बताए । कार्बन व्यापारको लाभ लिने सम्बन्धमा काम गर्ने संयन्त्र, विज्ञ, प्रविधि र प्रयोगशालाको कमी रहेको उल्लेख गर्दै मन्त्री महतोले यसमा पनि पूर्ण लाभ लिने गरी तयारी सुरु गरिएको बताए ।नेपालले अन्तर्राष्ट्रियरुपमा गरेका प्रतिबद्धताअनुसार वातावरण संरक्षण गरेको बताउँदै अब विकसित र धनी देशहरुले वाचा गरेअनुसार क्षतिपूर्ति प्रदान गर्नुपर्ने उनले तर्क गरे । संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा हुन लागेको यो सम्मेलन अन्य दृष्टिकोणले नेपालका लागि थप महत्वपूर्ण हुने बताइएको छ ।
सम्मेलनको पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यही कात्तिक १२ गतेदेखि नेपालको चारदिने औपचारिक भ्रमण गरेका थिए । उनले भ्रमणका क्रममा जलवायु परिवर्तनको विषयलाई दिनुभएको प्राथमिकताले पनि यस सम्मेलनमा नेपाललाई आफ्ना विषय उजागर गर्न सहज हुने बताइएको छ । कोप–२८ मा नेपालले उठाउने जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानि र नोक्सानीका लागि कोषको व्यवस्थापन, हिमाल र पर्वतीय मुद्दा, उत्सर्जन कटौती र समावेशीतालगायत सवालमा केन्द्रित भई राष्ट्रिय स्थितिपत्र तयार गर्ने कार्य अन्तिम चरणमा रहेको मन्त्रालयले जनाएको छ ।

# सयपत्रीको 'हब' बन्दै तनहुँ

**रासस**
**तनहुँ ।**
नेपालीको दोस्रो महान पर्व तिहारमा अत्यधिक मात्रामा सयपत्री र मखमली फूलको प्रयोग हुन्छ । तिहारको मुख्य दिन भाइटिकामा दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपश्चात माला लगाइदिने प्रचलन छ । गाई, गोरु र कुकुर तिहारको अवसरमा पशुलाई समेत फूलको माला लगाएर पूजा गरिने हुँदा तिहारमा सयपत्री र मखमली फूलको अत्यधिक प्रयोग हुने गर्दछ । विगतका वर्षमा भारतीय सयपत्रीको माला नेपाली बजारमा प्रशस्त पाइने गरे पनि यस वर्ष नेपाल सरकारले भारतीय माला आयातमा प्रतिबन्ध लगाएपछि नेपाली फूलले राम्रो बजार मूल्य पाउन सक्ने देखिएको छ । सयपत्री फूलमा आत्मनिर्भर हुन यहाँका स्थानीय सरकारले किसानलाई अनुदान प्रदान गरी प्रोत्साहन गरेका छन् । जिल्लाका दश पालिकामध्ये आँबुखैरेनी, बन्दीपुर म्याग्दे गरी तीन पालिकाले आफ्नो पालिकाभित्र फूल उत्पादनका साथै प्रवद्र्धनमा सहयोग गर्दै आएका छन् । छोटो अवधि र थोरै लगानीमा राम्रो आम्दानी हुन थालेपछि पछिल्लो समय किसान पनि फूल खेतीतर्फ आकर्षित हुँदै गएका छन् । विभिन्न स्थानीय तहमा पनि युवाले सामूहिक रुपमा वा एकल रुपमा सयपत्रीको खेती गरेका छन् । युवाले गरेको सयपत्री फूलको खेतीलाई स्थानीय तहले प्रवद्र्धन गर्न सुरु गरेको छ । जिल्लाको आँबुखैरेनी गाउँपालिकामा करिब २६ रोपनी क्षेत्रफलमा गरेको फूलखेतीबाट उत्पादन लिन सुरु गरेको गाउँपालिकाका कृषि शाखाप्रमुख सन्तोष केसीले जानकारी दिए ।
आँबुखैरेनी–१ स्थित याञ्चोक आमा समूह, आँधीमूल आमा समूह र मित्रता मावि परिसमा व्यवसायिक फूलखेती गरिएको हो । व्यावसायिक र आयमूलकका साथै सयपत्रीमा पालिका क्षेत्रलाई 'हब' बनाउने योजना रहेको उनले बताए ।
याञ्चोकमा ३५ र आँधीमूल आमा समूहका १५ जना जनशक्ति दैनिक खट्दै आएका छन् । जनशक्तिले फूल टिप्ने र माला बनाउने कार्यमा तल्लिन हँ ुदै आएका छन् । असोज १५ गतेदेखि फूल टिपेर माला बनाई बिक्री समेत गर्न थालिएको छ । तयार गरिएका एक हजार थान मालामध्ये ५० प्रतिशत बिक्री भइसकेको बताइएको छ । महिलालाई फूलखेतीमा आकर्षित गराउँदै आयआर्जनसँग जोड्न सय प्रतिशत अनुदानमा फूलका बिरुवा



वितरणदेखि प्राविधिक सहयोग गरेको गाउँपालिका कार्यालयले जनाएको छ । गोरखा, दमौली र काठमाडौँलगायत सहरबाट तिहारको लागि आठ हजार मालाको माग भइसकेको र माग आउने क्रम पनि जारी रहेको उनले बताए । 'मुख्य याममा गुणस्तर हेरी प्रतिमाला ४० देखि ७० रुपैयाँसम्म बिक्री गर्ने योजना रहेको छ', उनले भने, 'अफसिजनमा प्रतिमाला खुद्रा एक सयदेखि एक सय २० रुपैयाँसम्म बिक्री गर्ने लक्ष्य राखिएको छ ।
पहिलो वर्षको अनुभव रहेकाले प्राविधिक व्यवस्थापन गरिरहेका छौँ', उनले भने, 'आउँदो वर्ष समयमै सुधार गर्ने गरी अहिले पूर्ण रुपमा फक्रिएका फूल टिपेर माला बनाई चिस्यान केन्द्रमा राख्न थालिएको छ ।' सोही वडास्थित मिलीजुली कृषि उत्पादक सहकारी संस्था लिमिटेडको चिस्यान केन्द्र बिग्रिएकाले गाउँपालिकाले मर्मतसम्भार गरी प्रयोगमा ल्याइएको हो । गाउँपालिकाले अध्यक्षसँग कृषि विकास कार्यक्रमअन्तर्गत महिलालाई फूलखेतीमा आकर्षण गर्न सयपत्री प्रवद्र्धन कार्यक्रमलाई अघि बढाइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए ।
उत्पादनलाई आयआर्जनमा जोडेर स्थानीयवासीको आर्थिकस्तर उकास्ने लक्ष्य गाउँपालिका कार्यालयले लिएको उनी बताउँछन् । दुईवटा आमा समूहलाई पहिलो वर्षमा ९० हजार रुपैयाँ अनुदान प्रदान गरे पनि आगामी वर्षदेखि गाउँपालिकाले प्राविधिक सहयोग मात्रै गर्ने योजना रहेको छ । आमा समूहले पहिलो वर्षमा फूलखेतीबाट गरेको आम्दानीलाई बर्सेनि सयपत्री फूल व्यवसायलाई निरन्तरता दिनुपर्ने प्रावधान रहेको छ । मित्रता माविको हकमा भने 'पढ्दै कमाउँदै' कार्यक्रमअन्तर्गत एकमुष्ट तीन लाख रुपैयाँ अनुदान प्रदान गरी आयआर्जनबाट विद्यार्थीको पठनपाठनमा सहयोग गर्ने लक्ष्य गाउँपालिका कार्यालयको रहेको छ ।
त्यसैगरी जिल्लाको बन्दीपुर गाउँपालिका–५ थुम्का, कल्चोक लगायतका स्थानमा चालिस रोपनी जमिनमा फूल खेती गरिएको छ ।
विगत केही वर्षदेखि यहाँका स्थानीय किसानले व्यावसायिक रुपमा फूल खेती गर्दै आएका हुन् । फूलमा आत्मनिर्भर हुँदै आर्थिक क्षेत्रमा समेत सक्षम हुन व्यावसायिक फूल खेतीलाई निरन्तरता दिइएको किसान तामप्रसाद भट्टले जानकारी दिए । 'फूलमा आत्मनिर्भर बन्दै बाह्य जिल्लामा निर्यात गर्न सफल भइएको छ', उनले भने, 'अघिल्ला वर्षहरुमा थोरै क्षेत्रफलमा फूल लगाए पनि यस वर्ष चार रोपनी क्षेत्रफलमा खेती गरेको छु ।'
उनले उत्पादित फूल जिल्लाभित्र र नारायणगढमा लगेर बिक्री गर्ने गर्नुभएको छ । प्रतिमाला दुई सयदेखि तीन सय ५० रुपैयाँसम्म बिक्री हुने गरेको उनको भनाइ छ । यस वर्ष करिब डेढ÷दुई लाख रुपैयाँसम्मको फूल बिक्री हुने अपेक्षा रहेको किसान भट्ट बताउँछन् । त्यस क्षेत्रका फूल उत्पादक किसानले मुख्य याममा एक लाख रुपैयाँ बढीको बिक्री गर्ने गरेका छन् । भारतको तुलनामा नेपालमा फूल उत्पादनमा लागत बढी पर्ने भएकाले चाडपर्वको समयमा भारतबाट आउने फूलको मूल्यसँग प्रतिस्पर्धा गर्न कठिन हुने गरेको अर्का किसान नारायण लामिछानेले बताए । यसपटक सरकारले भारतीय मालालाई आयातमा प्रतिबन्ध लगाएकाले स्वदेशी उत्पादनले प्राथमिकता पाएको बताउँदै उनी भन्छन्, 'स्वदेशमै उत्पादन गर्न सकिने अन्य कृषिजन्य वस्तुहरुमा पनि यसरी नै प्रतिबन्ध लगाएमा नेपाली कृषक प्रोत्साहित हुनेछन् ।'
बिरुवा लगाएको चार महिनाभित्र फूल उत्पादन लिन सकिन्छ । थोरै लगानीबाट राम्रो आम्दानी गर्न सकिने भएपछि यहाँका किसान व्यावसायिक रुपमा यसतर्फ आकर्षण हुँदै गएका छन् । वडालाई बाह्रै महिना फूल उत्पादन गर्ने क्षेत्रका रुपमा विकास गर्ने योजना बनाएको बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताए । आगामी वर्षदेखि वडामा नर्सरी बनाएर गाउँपालिकाले उन्नत जातको फूलको बीउमा अनुदान र प्राविधिक सहयोग उपलब्ध गराइने उनले बताए । क्षेत्रमा गरिएको व्यावसायिक फूल खेतीको आफूले स्थलगत अवलोकन गरिसकेको अध्यक्ष थापाले बताए ।
'फूलखेतीबाट आफू प्रभावित भएको बताउँदै अध्यक्ष थापाले आगामी वर्ष समयमै गाउँपालिकाको सक्रियतामा किसानलाई प्रोत्साहन गर्ने गरी काम गरिने छ', उनले भने । त्यसैगरी म्याग्दे गाउँपालिका–५, स्थित ठूलोखेतमा स्थानीय सुसन पौडेलले करिब चार रोपनी क्षेत्रफलमा सयपत्री फूल खेती गरेका छन् । म्याग्दे गाउँपालिकाको आर्थिक वर्ष २०८०÷८१ को पुष्प खेती विकास कार्यक्रमअन्त्रगत पौडेलले पालिकाबाट प्राप्त ५० हजार रुपैयाँ अनुदानसहित कूल ८० हजार रुपैयाँको लगानीमा सयपत्री फूल खेती गरेका हुन् । चाडपर्वका अवसरमा बर्सेनि लाखौँ रुपैयाँ विदेशिने हुँदा स्थानीय बजार र आवश्यकतालाई दृष्टिगत गरी तिहारमा खपत हुने फूल उत्पादनमा लागेको पौडेलले बताए ।
स्वदेशी उत्पादनसँगै स्वरोजगारको अवसर मिल्ने भएकाले आर्थिक रुपमा पनि थप टेवा पुग्ने अपेक्षा गरिएको उनले बताए । यस वर्ष करिब तीन लाख रुपैयाँ बराबरको आम्दानी गर्ने उनको अपेक्षा रहेको छ । तिहारमा बाह्य देशबाट आउने फूल रोक्न सकिएमा फूलको व्यवसायले रोजगारीको अवसरसँगै आर्थिक उपार्जन गर्न सहज हुने देखिएको छ ।
स्थानीयस्तरमा उत्पादित फूलको प्रयोग गरेर कृषकलाई प्रोत्साहनस्वरुप सहयोग गर्न गाउँपालिकाका सबै किसानलाई आग्रह गरिएको म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताए । फूल आयातमै बर्सेनि ठूलो रकम विदेशिने प्रथालाई रोक्न र फूलमा आत्मनिर्भर बनाउनका लागि स्थानीय तहले फूलखेतीलाई प्राथमिकता दिन आवश्यक रहेको उनको भनाइ छ ।



# सयपत्री बेचेर ९ लाख आम्दानी



**राधिका बुढाथोकी**
**कमलामाई ।**
सिन्धुलीको सुनकोशी गाउँपालिका–५ पारीबारी फूलैफूलले सजिएको छ । शान्त र आकर्षक फूलबारीमा चराचुरुङ्गी उडीउडी गाइरहेका छन् । पुतली, माहुरी र भमरा उफ्रीउफ्री नाचिरहेका छन् । यहाँको प्राकृतिक वातावरण सुगन्धित र सुवासिलो भएको छ । यसैको मोहले तन्नेरी उमेश दर्नाललाई तानेको छ । राहदानी बनाएर विदेश जान लागेका २२ वर्षीय दर्नाल बाँझो जमिनमा सयपत्री लगाएर आम्दानी गरिरहेका छन् । उनी भन्छन्, 'नजिकिएको तिहारमा मात्रै सयपत्रीको एक हजार माला बेच्ने तयारी छ, यसअघि सयपत्रीको फूल बेचेर नौ लाख रुपैयाँ आम्दानी लिइसकेको छु ।' परम्परागत विभिन्न बालीनाली लगाउँदा आठ हजार कमाई नहुने आठ रोपनीमा उनले व्यावसायिक सयपत्री खेती गरेको एक वर्ष बितिसकेको छ । उनलाई आजभोलि पैसा कमाउन विदेश जाने सोच आउँदैन । सयपत्री फूलको मगमगाउँदो सुगन्धले मनमा आनन्द र राम्रो आम्दानीसमेत आर्जन भएको दर्नाल बताउँछन् । किसान दर्नालले तीन महिनाअघि सयपत्रीको बीउ बेर्ना बनाएर रोपेका थिए ।
बेर्ना रोप्दा, बिरुवाको जलमल तथा आवश्यक रेखदेख गर्दाका दुःख यतिबेला खुसीमा बदलिएका छन् । थप जमिनमा फूलखेती विस्तार गर्ने उनमा उत्साह उब्जिएको छ । वर्षमा तीन पटकसम्म सयपत्रीको फूल र यसको माला बेच्ने गरेको उनी सुनाउँछन् । सयपत्री फूल स्वागतदेखि बिदाइसम्म र दैनिक पूजापाठका लागि आवश्यक पर्ने भएकाले वर्षैभरि बिक्री हुन्छ । तिहारमा यसको माग र मूल्य बढी हुन्छ । दर्नालले उत्पादन गरेको फूलमाला सिन्धुलीको सिन्धुलीमाढी, रामेछापको मन्थली र काठमाडौँको पशुपतिनाथ क्षेत्रसम्म पुग्ने गर्दछ ।सुनकोशीका युवा दर्नालले जसरी ठूलो क्षेत्रमा व्यावसायिक फूलखेती गर्ने रहर कमलामाई नगरपालिका–१ डाँडीगाउँकी रिमा अधिकारीलाई पनि जागेको छ । फूलखेती, यसको बजार, सम्भावना, अवसर र चुनौतीका बारेमा नबुझिकनै व्यावसायिक फूलखेती सुरु गरेको बताउने उनी गर्दै–सिक्दै, सच्याउँदै–सच्चिँदै, बुझ्दै–बुझाउँदै अगाडि बढ्ने सोचमा छन् । अहिले एक कठ्ठामा फूलखेती सुरु गरे पनि विस्तारै बढाउँदै जाने उनको योजना छ । अहिले उनको फूलबारीमा सयपत्रीका फक्रिएका फूलैफूल छन् । अहिलेसम्म कसैले माग भने गरेका छैनन् । तैपनि नबिक्रे चिन्ता उनलाई छैन । तिहारसम्ममा घरबारीबाटै फूल बिक्री हुने उनको विश्वास छ ।यता गोलञ्जोर गाउँपालिका–२ बितिजोर हमालडिहीका यम हमालको तीन रोपनीमा एउटै उचाइमा एकैनास भएर सयपत्री फुलेका छन् । आकर्षक फूलबारीमा फोटो खिच्ने, टिकटक बनाउने र फूलबारी हेर्न आउनेको सङ्ख्या बाक्लिँदो छ । उनका अनुसार सयपत्री फूल फुल्दा जति सुन्दर तथा आकर्षक देखिन्छ, फूललाई फुलाउन त्यत्तिकै मेहनत गर्नुपर्छ । सयपत्री फूलखेती गरेका हमाल भन्छन्, 'राम्रो, सुन्दर फूल फुलाउन बिरुवा स्वस्थ हुनुपर्छ । बिरुवा रोप्दादेखि नै हावापानी र मलजलमा विशेष ध्यान दिनुपर्छ ।' हमालले एक प्याकेट बीउलाई पाँच हजारमा किनेर बेर्ना तयार गरी रोपेका थिए ।
उनका अनुसार हाइब्रिड जातको फूलको बीउ तथा बिरुवा महँगो छ । बिरुवा महँगो पर्ने भए पनि यसको फूल चाँडै ओइलाउँदैन । फूलका थुङ्गा एकैनासका आर्कषक हुन्छन् । सयपत्रीको प्रतिबेर्ना तीन–पाँच रुपैयाँसम्म किन्न पाइने हमालले जानकारी दिए ।
पहिलोपटक गरिएको व्यावसायिक फूलखेतीले थप विस्तार गर्न उनलाई पनि हौसला बढेको छ । तीन रोपनीमा फुलेको सयपत्रीबाट तीन लाख रुपैयाँ बढी आम्दानी हुने उनको अनुमान छ ।सयपत्री फूलको व्यावसायिक खेतीमा सामुदायिक विद्यालय पनि जोडिन थालेका छन् ।
पढ्दै–कमाउँदै कार्यक्रमअन्तर्गत कमलामाई नगरपालिका–५ मा अवस्थित जनज्योति माध्यमिक विद्यालय फोस्रेटारमा अध्ययनरत विद्यार्थीले एक कठ्ठामा गरेको फूलखेतीले आम्दानी दिन थालिसकेको छ । अघिल्लो वर्ष १० धुरमा लगाएको फूलखेतीबाट ४० हजार रुपैयाँ आम्दानी लिएका थिए । यस वर्ष एक कठ्ठामा लगाएको फूलखेतीबाट १५ हजार रुपैयाँ कमाइ भइसकेको छ । अझै बोटभरि ढकमक्क फुलेका फूल ग्राहकको प्रतिक्षामा छन् । विद्यालयका प्राधानाध्यापक योगेन्द्रप्रसाद अधिकारीका अनुसार विद्यार्थीले प्रतिकेजी चार सय रुपैयाँमा फूल बिक्री गर्ने गर्दछन् ।
यतिबेला बारीका पाटा, आली, कान्ला, करेसा, घरआँगन सर्वत्र सयपत्रीमय बनेको छ ।
फूलबारीमा फुलेका आकर्षक सयपत्री फूलले वातावरणमा छुट्टै सुन्दरता थपेको छ । गाउँदेखि सहरसम्म सयपत्रीको बासना छाएको छ । चार वर्षअघि सयपत्रीको व्यावसायिक खेती सुरु गर्ने पहिलो किसान सुनकोशी–३ सुन्दरबस्तीका ज्ञानप्रसाद भट्टराईका अनुसार जिल्लामा फूल व्यवसाय फस्टाउँदै गएको छ । फूल व्यवसायी बढ्दै गएका छन् । तिहार तथा अन्य समयमा पनि सयपत्री फूल जिल्लाबाट निर्यात हुन थालेको सम्बन्धित पालिकाका कृषि शाखा तथा कृषि ज्ञान केन्द्रका प्रमुखहरू बताउँछन् । सयपत्री फूलको माग वर्षैभरि हुन्छ । तिहारमा सर्वाधिक खपत हुने भएकाले माग बढी हुने तथा उचित मूल्य पाइने फूल व्यवसायी बताउँछन् ।

# कृषिबाटै ५६ प्रतिशतलाई खान पुग्ने

**रासस**
**मनहरी ।**
बागतमी प्रदेशमा ५५ दशमलव नौ प्रतिशत परिवारलाई कृषिको आम्दानीले खानसमेत नपुग्ने गरेको पाइएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले जारी गरेको कृषि गणना २०७८ को प्रतिवेदनअनुसार यस प्रदेशमा ५५ दशमलव नौ प्रतिशतलाई कृषिको आम्दानीले खानसमेत नपुग्ने देखिएको हो । कृषि पेसा गर्ने र त्यसको आम्दानीले खान पुग्ने परिवार भने प्रदेशमा४४ दशमलव एक प्रतिशतमात्र छन् ।
नेपालमा भने कृषिमै आश्रित भएर पनि यसको आम्दानीले खान नपुग्ने ५५ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक बद्रीकुमार कार्कीले बताए । बागमतीमा ७२ दशमलव छ प्रतिशत परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । सार्वजनिक गरिएको तथ्याङ्कअनुसार पुराना प्रविधि हराउँदै गएको छ । फलामे हलोको प्रयोग घटेको छ भने ट्याक्टर र पावरट्रिलर प्रयोग गर्नेको सङ्ख्यामा बृद्धि भएको छ । चौध दशमलव आठ प्रतिशत फलामे हलो, ३० दशमलव आठ प्रतिशत ट्याक्टर र १६ दशमलव सात प्रतिशत पावरट्रिलर प्रयोगकर्ता रहेको निर्देशक कार्कीले बताए । तीन दशकमा नेपालमा कृषक परिवार संख्या र कृषकले भोगचलन गरेको जग्गामा बृद्धि भए पनि सरदर दुई पटक मात्र बाली लगाएको देखिन्छ । यस प्रदेशमा १५ लाख ७० हजारभन्दा बढी घरपरिवार रहेकामा छ लाख ६८ हजार १७७ कृषक परिवार रहेको र दुई लाख ८२ हजार २९२ हेक्टर जमिन कृषिमा प्रयोग भएको उनले जानकारी दिए । नेपालमा सरदर एक दशमलव ९१ प्रतिशत बाली सघनता रहे पनि प्रदेशमा भने दुई प्रतिशत अर्थात् दुई पटकसम्म बाली लगाएको पाइएको निर्देशक कार्कीले जानकारी दिए । उनका अनुसार प्रदेशमा बगैँचाको रुपमा आँप ५३२ हेक्टरमा, केरा एक हजार १२० हेक्टरमा, सुन्तला ६८८ हेक्टरमा, कागती ४६० हेक्टरमा, स्याउ ८० हेक्टरमा लगाइएको छ ।
त्यस्तै प्रदेशमा गाई भैसी पालन घट्दो छ । २०६८ को गणनादेखि नै यसको क्रम घट्दो देखिन्छ । गाईगोरु र राँगाभैसीभन्दा खसीबाख्रा, सुङ्गुर र बङ्गुर पाल्नेको सङ्ख्या भने धेरै बृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । प्रदेशमा उत्पादन गरिएको वस्तु सबै घरायसी उपभोग गर्ने ६६ दशमलव चार प्रतिशत कृषक छन् भने केही वस्तु बिक्री गर्ने २५ प्रतिशत, केही घरायसीका लागि राखी सबै बिक्री गर्ने सात दशमलव चार प्रतिशत र सबै वस्तु बिक्री गर्ने शुन्य दशमलव नौ प्रतिशत रहेका छन् ।युवाहरु विदेशिने भएका कारण पनि नेपालमा पछिल्लो समय कृषिमा महिलाको सङ्ख्या बढ्दो छ । विगत तीन दशकदेखीको नतिजा हेर्दा अहिले महिला कृषकको सङ्ख्या बृद्धिभएको निर्देशक कार्कीले बताए । नेपालमा ३२ दशमलव चार प्रतिशत महिला कृषक छन् भने बागमती प्रदेशमा मुख्य कृषकको रुपमा महिला ३७ दशमलव दुई प्रतिशत र पुरुष ६५ दशमलव आठ प्रतिशत रहेका छन् । विसं२०५८ को गणनामा महिला आठ दशमलव एक प्रतिशत र पुरुष ९१ दशमलव नौ प्रतिशत कृषक थिए । किसानको मुख्य चिन्ता भने समयमै मल, बीउ उपलब्ध नहुनुमा छ । कृषिगणनामा सहभागीमध्ये ५७ प्रतिशतले समयमै मल, बीउ उपलब्ध भए उत्पादन बढाउन सकिने बताए । त्यस्तै ४८ प्रतिशतले सिँचाईको व्यवस्था, २७ प्रतिशतले कृषि कार्यका लागि तालिमको व्यवस्था, २७ प्रतिशतले कृषि प्राविधिक सेवा सहज, २२ प्रतिशतले कृषि औजार एवं आधुनिक साधन, १८ प्रतिशतले उन्नत नश्ल सुधार र उन्नत वीउबीजन, १२ प्रतिशतले कृषि उत्पादनको उचित बजार व्यवस्था र ११ प्रतिशत कृषकले शुन्य ब्याजदर वा सस्तोमा ऋण उपलब्ध गराउन सुझाव दिएको प्रतिवेदनमा उल्लेख छ ।

# इन्डोनेसियाली सागरमा ७.१ म्याग्निच्युडको भूकम्प

**एएफपी**
**जाकर्ता ।**
इन्डोनेसियाको बान्दा सागरमा बुधबार सात दशमलव एक म्याग्निच्युडको भूकम्प गएको अमेरिकाको भूगर्भ सर्वेक्षण (युएसजिएस) ले जनाएको छ । भूकम्पबाट जनधनको क्षतिबारे तत्काल कुनै समाचार आएको छैन । युएसजिएसका अनुसार भूकम्पका लागि कुनै पनि सुनामी जारी गरिएको थिएन । प्रारम्भमा स्थानीय समयअनुसार बिहान ११:५३ बजे छ दशमलव नौ म्याग्निच्युडको भूकम्प आएको बताइएको थियो ।इन्डोनेसियाली मौसम विज्ञान, जलवायु र भूभौगर्भिक एजेन्सी (बिएमकेजी) का अनुसार मुलुकको तनिमबार टापु समूहको सौमलाकी सहरमा भूकम्पको कम्पन मध्यमरूपमा महसुस गरिएको थियो ।
'भूकम्प अत्यन्त तीव्र थियो तर यहाँका मानिस आत्तिएका थिएनन्, हामी भूकम्पको सामना गर्न अभ्यस्त भइसकेका छौँ', सौमलाकी निवासी ल्याम्बर्ट टाटाङले एएफपीलाई भने, 'विशेषगरेर सुनामीको कुनै खतरा छैन भन्ने थाहा भएपछि जनजीवन सामान्य भएको छ ।' प्रशान्त क्षेत्रको 'रिङ अफ फायर' मा रहेका कारण इन्डोनेसियाले लगातार भूकम्पको अनुभव गर्दछ । जापानदेखि दक्षिणपूर्वी एसिया र प्रशान्त बेसिनसम्म फैलिएको 'रिङ अफ फायर' तीव्र भूकम्पीय गतिविधिको चाप हो ।गत वर्ष नोभेम्बरमा मुलुकको मुख्य टापु जाभाको घना जनसङ्ख्या भएको पश्चिमी जाभा प्रान्तमा पाँच दशमलव छ म्याग्निच्युडको भूकम्पमा छ सय दुई जनाको मृत्यु भएको थियो ।सन् २००४ मा सुमात्राको तटमा गएको नौ दशमलव एक म्याग्निच्युडको भूकम्पका कारण आएको सुनामीमा सम्पूर्ण क्षेत्रमा इन्डोनेसियाका मात्रै एक लाख ७० हजारसहित दुई लाख २० हजार मानिसको मृत्यु भएको थियो ।

# १९ वर्षमुनिको एसिया कपमा नेपालले भारत र पाकिस्तानसँग खेल्ने




**मधेशदृष्टि**
**वीरगंज ।**
एसीसी १९ वर्षमुनिको एसिया कपको खेल तालिका सार्वजनिक भएको छ । एसियन क्रिकेट काउन्सिल (एसीसी) ले बुधवार १९ वर्षमुनिको एसिया कपको तालिका सार्वजनिक गरेको हो । नेपाल समूह 'ए' मा परेको छ । यो समूहमा नेपालसहित भारत, पाकिस्तान र अफगानिस्तान रहेका छन् । नेपालले पहिलो खेलमा पाकिस्तानसँग डिसेम्बर ८ मा खेल्नेछ । यस्तै नेपालले दोस्रो खेलमा अफगानिस्तानसँग डिसेम्बर १० मा खेल्नेछ । नेपालले समूह चरणको अन्तिम खेलमा भारतसँग डिसेम्बर १२ मा खेल्नेछ ।यसअघि मलेसियामा भएको एसीसी १९ वर्षमुनिको प्रिमियर कप क्रिकेट कपको उपाधि जित्दै नेपालले एसिया कपमा स्थान बनाएको थियो । यस्तै यूएई उपविजेता र जापाना तेस्रो स्थानमा रहँदै एसिया कपमा पुगेका हुन् । नेपालले सन् २०२४ को जनवरीमा श्रीलङ्कामा १९ वर्षमुनिको विश्वकप खेल्दैछ । त्यसकै तयारीका लागि नेपालले एसिया कप खेल्न लागेको हो ।

# गाजा विषयमा जी–७ को साझा धारणाखोजी



**एएफपी**
**टोकियो ।**
जी–७ का विदेशमन्त्रीहरूले बुधबार इजराइल–हमास युद्धमा साझा सहमति बनाउन माग गरेका छन् । उनीहरूले रुससँगको युद्धमा युक्रेनका लागि आफूहरूको समर्थनमा कुनै कमी नहुने वाचा गरेका छन् । मन्त्रीहरूले टोक्योमा संयुक्त विज्ञप्ति जारी गरेर गाजामा 'मानवीय विराम' को आह्वान गर्ने तर युद्धविरामको आग्रह नगर्ने अपेक्षा गरिएको थियो ।आफ्नो पछिल्लो व्यस्त मध्यपूर्वको भ्रमणबाट बैठकमा पुगेका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले मङ्गलबार जी–७ सँग गाजा सङ्घर्षका बारेमा 'एउटै स्पष्ट आवाज' मा बोल्न आग्रह गरे । जापानी विदेशमन्त्री योको कामिवाकाले मङ्गलबार राति पर्याप्त र निरन्तर मानवीय सहायताको पूर्वशर्तका रूपमा जी–७ का विदेशमन्त्रीहरूलाई सम्बन्धित मुलुकहरूबाट मानवीय विराम गर्न र मानवीय पहुँच सुनिश्चित गर्नका लागि आह्वान गर्नुपर्ने आवश्यकता रहेको बताए । एक कूटनीतिक स्रोतले गाजामा मानवीय आपत्काललाई ध्यानमा राख्दै प्यालेस्टिनी नागरिकका लागि मानवीय हेरचाह तुरुन्तै विस्तार गर्न आवश्यक छ भन्ने विषयमा मन्त्रीहरूबीच व्यापक एकता थियो भनेको छ । स्रोतका अनुसार छलफलमा मानवीय विरामका बारेमा 'रचनात्मक आदानप्रदान' भएको थियो भने गाजाको भविष्य र सङ्घर्षलाई बढ्नबाट कसरी रोक्ने भन्नेबारे जी–७ र यस क्षेत्रका अन्य मुलुकहरूबीच छलफलको आवश्यकता महसुस गरिएको थियो ।युक्रेन युद्धमा जी–७ किएभलाई 'बलियो समर्थन' जारी राख्ने र रुसमाथि 'गम्भीर प्रतिबन्ध' लगाउने आफ्नो सङ्कल्पमा 'एकताबद्ध' रहेको जापानले बैठकपछि बुधबार बताएको छ । युक्रेन युद्ध आफ्नो २०औँ महिनामा पुगेको छ र युक्रेनलाई जवाफी हमलाबाट अग्रता दिलाउन सङ्घर्ष गर्नुपरिरहेको छ । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सङ्घर्षबाट थकान हटाउने कोसिसमा नियमितरूपमा पश्चिमी नेताहरूसँग भेटघाट गरेका छन् ।

# शुभमनगिल शीर्ष स्थानमा



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतका ओपनर ब्याटर शुभमन गिल आईसीसीको एकदिवसीय वरीयतामा शीर्ष स्थानमा उक्लिएका छन् ।
आईसीसीको पछिल्लो वरीयतामा पाकिस्तानका बाबर आजमलाई पछि पार्दै गिल एकदिवसीय क्रिकेटको ब्याटरमा पहिलो नम्बरमा पुगेका हुन् । २ वर्षभन्दा बढी समयपछि बाबरको शीर्ष वरीयता खोसिएको हो ।शुभमन गिलले यस वर्ष उत्कृष्ट प्रदर्शन गरिरहेका छन् ।
यो वर्ष उनले २६ एकदिवसीय खेलेकोमा ५ शतकसहित १ हजार ४ सय ४९ रन बनाएका छन् । गिल विश्वकपको शुरुवातमा फिट थिएनन् तर उनले ६ खेल खेल्दै २ सय १९ रन बनाएका छन् । एकदिवसीयतर्फ ब्याटरको शीर्ष वरीयतामा स्थान बनाउने गिल चौथो भारतीय खेलाडी हुन् ।
यसअघि सचिन तेन्दुलकर, महेन्द्रसिंह धोनी र विराट कोहली शीर्ष वरीयतामा पुगेका थिए ।एकदिवसीय ब्याटरको वरीयतामा तेस्रो स्थानमा दक्षिण अफ्रिकाका क्विन्टन डी कक, चौथो स्थानमा भारतका विराट कोहली, पाँचौँ स्थानमा अस्ट्रेलियाका डेभिड वार्नर, छैटौँ स्थानमा भारतका कप्तान रोहित शर्मा, सातौँ स्थानमा दक्षिण अफ्रिकाका रसी भान डेर डुसेन, आठौँ स्थानमा आयरल्यान्डका ह्यारी टेक्टर, नवौँ स्थानमा दक्षिण अफ्रिकाका हेनरिच क्लासेन र दशौँ स्थानमा इङ्ग्ल्यान्डका डेविड मलन छन् ।यस्तै एकदिवसीय बलरको वरीयतामा भारतकै मोहम्मद सिराज शीर्ष स्थानमा पुगेका छन् । बलरको वरीयताको दोस्रो स्थानमा दक्षिण अफ्रिकाका केशव महाराज, तेस्रो स्थानमा अस्ट्रेलियाका एडम जम्पा, चौथो स्थानमा भारतका कुलदीप यादव, पाँचौँ स्थानमा पाकिस्तानका शाहीन अफरिदी, छैटौँ स्थानमा अस्ट्रेलियाका जोश हेजलवूड, सातौँ स्थानमा अफगानिस्तानका राशिद खान, आठौँ स्थानमा भारतका जसप्रीत बुमराह, नवौँ स्थानमा न्युजिल्यान्डका ट्रेन्ट बोल्ट र दशौँ स्थानमा भारतका मोहम्मद शमी छन् ।

# गाजाका लागि नयाँ सहर स्वीकृत




**एएनआई**
**तेल अविव ।**
इजराइलको आन्तरिक मन्त्रालयले गाजा नजिकैको टिकुमा (पुनर्जन्म) क्षेत्रमा नयाँ सामुदायिक बस्ती बनाउने योजना घोषणा गरेको छ । अक्टोबर ७ मा हमासले आक्रमण गरेको थियो ।नयाँ सहरलाई 'हानुन' (दयालु) भनिने छ र यो एसडिओटी नेगेभ क्षेत्रीय परिषद्को भाग हुनेछ । सहरमा करिब पाँच सय परिवारको मिश्रित तथा धर्म निरपेक्ष जनसङ्ख्या रहने छ । 'योजनालाई स्वीकृति दिनु इजराइली दायरा (गाजा नजिकको क्षेत्र) लाई बलियो बनाउने दिशामा थप एक कदम हो', निर्माण तथा आवासमन्त्री यित्ज्याक गोल्डनोफले भने, 'हालका दिनमा म उत्तर र दक्षिणमा सङ्घर्ष द्वन्द्वग्रस्त बस्तीहरूको भ्रमण गर्दैछु, मुलुकमा सुरक्षा र बस्ती प्रवद्र्धनको आवश्यकता छ भन्नेबारे स्पष्ट आवाज आएको छ ।' आजको स्वीकृतिले यसको जवाफ दिने र देशको निर्माणलाई अगाडि बढाउने उनले बताए । 'निर्माण तथा आवास मन्त्रालयले बस्तीको योजना, निर्माण, विकास र सुदृढीकरणको कामलाई निरन्तरता दिनेछ', उनले भने ।

# चुरे बेचिए आन्दोलन गर्ने
# पुर्व राज्यमन्त्री मण्डलको चेतावनी


Suresh Mandal is with पूर्वमन्त्री सुरेशकुमार मण्डल सचिवालय.
9h ·
मधेशको जीवन रेखा (Life Line of Madhesh) मानिने चुरे पर्वत बारे चारैतिर "चुरे बचाऊ" अभियान, चर्चा, परिचर्चा, बहस, छलफल, अन्तरक्रिया र संवाद जारी रहेको बेलामा वर्तमान सरकार र यसका व्यापारी मन्त्रीद्वारा ढुंगा, गिट्टी र बालुवा भारत लगायत अन्य देशमा निकासी पैठारी सम्बन्धी विधेयक सदनमा आउनु दुःखद हो। यसको म घोर भत्सर्ना र बिरोध गर्दछु। साथै उक्त विधेयक अविलम्ब फिर्ता लिन माग गर्दछु। अन्यथा चुरे बचाउन जस्तोसुकै कदम चाल्न बाध्य हुने चेतावनी सहित आन्दोलनमा उत्रिने चेतावनी समेत दिन चाहन्छु। जय मधेश।
Ram Narayan Pandit and 86 others 18 comments • 1 share
Like Comment Share

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश सरकारका पूर्वराज्यमन्त्री सुरेशकुमार मण्डलले चुरे बेचे आन्दोलनमा जाने चेतावनी दिएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत् उनले यो विधेयक तत्काल फिर्ता नभए आन्दोलनमा जाने चेतावनी दिएका हुन् । उनले लेखेका छन्, 'वर्तमान सरकार र यसका व्यापारी मन्त्रीद्वारा ढुंगा, गिट्टी र बालुवा भारत लगायत अन्य देशमा निकासी पैठारी सम्बन्धी विधेयक सदनमा आउनु दुस्खद हो । यसको म घोर भत्र्सना र विरोध गर्दछु । साथै उक्त विधेयक अविलम्ब फिर्ता लिन माग गर्दछु । अन्यथा चुरे बचाउन जस्तोसुकै कदम चाल्न बाध्य हुने र आन्दोलनमा उत्रिने चेतावनीसमेत दिन चाहन्छु ।'
सरकारले ढुंगा, गिट्टी र बालुवा भारत लगायत अन्य देशमा निकासी पैठारी सम्बन्धी विधेयक सदनमा लगेपछि मधेशमा चौतर्फी विरोध सुरु भएको छ । मधेशको जीवन रेखा मानिने चुरे, पर्वत, नदि, खोला दोहनका लागि सरकारले चालेको यो कदमप्रति मधेशका बुद्धिजीवीहरू आपत्ति जनाइरहेका छन् ।

# पुरस्कारको घोषणा गरेर
# शहिदनगरले अझै दिएन पुरस्कार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भरखरै सम्पन्न भएको एसिया कपमा पुरस्कारको घोषणा गरेको शहिदनगर नगरपालिकाले पुरस्कार अझै नदिएको बुझीएको छ ।
गत भदौ १९ गते नेपाल–भारतबीच भएको एसिया कपको क्रममा मेयर दिनेश प्रसाद यादवले खेलमा अर्ध शतक लगाउने खेलाडीलाई ५० हजार रुपैयाँ पुरस्कार दिने घोषणा गरेका थिए । घोषणा अनुसार मेयर यादवले सो खेलमा अर्धशतक लगाएका क्रिकेटर आशिफ शेखलाई ५० हजार रुपैयाँ पुरस्कार दिने घोषणा गरेका थिए । शेखलाई प्रोत्साहन स्वरुप घोषणा गरेको रकम दिने बताएपनि अझै रकम नदिएको बुझीएको छ ।
खेलको दुई महिना बितिसक्दा पनि उनले घोषणा गरेको रकम खेलाडीलाई दिएका छैनन् । म्याचको बेला विभिन्न मिडियामा मेयर यादवले ५० हजार रुपैयाँ दिने घोषणा गरेका थिए । नेपाल भारतबीचको खेलमा भारतले नेपाललाई १० विकेटले पराजित गरेसँगै नेपाल एसिया कपबाट बाहिरिएको थियो ।

# तीनदिने अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलन सुरु
# विश्वभरका आयुर्वेद विज्ञहरुको भेला



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित महेन्द्रनारायण निधि मिथिला साँस्कृतिक केन्द्रमा तीनदिने अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलन सुरु भएको छ ।
आयुर्वेद सम्मेलनमा नेपाल, भारत, बंगलादेश, श्रीलंका, मरिसस लगायतका देशका आयुर्वेद चिकित्साका १५० ख्यातिप्राप्त चिकित्सकहरुको सहभागिता रहेको छ ।
कार्यक्रमको उद्घाटन नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने भएपनि अन्तिम समयमा भूकम्प प्रभावित क्षेत्रको भ्रमणका कारण कार्यक्रम रद्द भएको थियो । बौद्ध सन्त अरुण आनन्द स्वामीले दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।
यस अवसरमा प्रमुख अतिथिका रुपमा बोल्दै स्वामी अरुण आनन्दले विश्वभरका ख्यातिप्राप्त आयुर्वेद चिकित्सकहरुले श्रद्धाञ्जली अर्पण गरेको नेपालका लागि ऐतिहासिक क्षण भएको बताए । माता सीताको पुण्यभूमि जनकपुरधाममा भेला भएका छन् । आयुर्वेद चिकित्साको प्रवर्तक निमी यही भूमिबाट भएको उनले बताए । उनले भने,'नेपाल जडीबुटीको भण्डार हो, यो हिमालयमा पाइने बहुमूल्य जडीबुटी हो, नेपालमा आयुर्वेदिक अनुसन्धानका लागि राम्रो जमिन छ ।' उनले आयुर्वेदिक उपचारले रोगलाई जराबाटै पूर्णरुपमा नष्ट गरि शरीरमा कुनै साइड इफेक्ट नहुने बताए । स्वामी अरुण आनन्दले योग, प्राणायाम, शाकाहारी आहार र आयुर्वेदलाई अमेरिकालगायत पश्चिमा मुलुकले पनि अपनाइरहेको बताए । तर दुःखको कुरा, भारत र नेपालले यो उपचारलाई बिर्सिरहेका छन् । तर यो अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनले नेपालमा आयुर्वेद चिकित्सामा नयाँ क्रान्ति ल्याउनेछ ।
दिनेश सिंहको अध्यक्षतामा सुरु भएको उक्त कार्यक्रममा पतञ्जली योग हरिद्वारका आचार्य बालकृष्णलाई माधवसिंह बघेल पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रममा माओवादीका वरिष्ठ नेता तथा पूर्वमन्त्री गिरिराजमणि पोखरेल, मधेस प्रदेशका श्रम तथा यातायातमन्त्री चन्दनसिंह कुशवाहा, माओवादी केन्द्र संसदीय दलका नेता भरत साह, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, मनरा सिस्वाका मेयर मोहनकुमार पाण्डेलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम संयोजक डा राकेश कुमार सिंह लगायतका विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो । कार्यक्रम सुरु हुनुअघि पतञ्जली योगपीठ जनकपुरधामले हवन गरेको थियो भने पण्डितहरुले वेदऋचा वाचन गरेका थिए । तीनदिने अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनमा विश्वभरका आयुर्वेद विज्ञहरूले आयुर्वेदसँग सम्बन्धित विभिन्न पक्षमा कार्यपत्र प्रस्तुत गर्दैछन् ।

# जनकपुरधाममा मैथिली
# विकिपिडीयाको वार्षिकोत्सव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विकिपिडियामा मैथिली भाषा आउन लागेको नवौ वर्षको उपलक्ष्यमा जनकपुरधाममा वार्षिकोत्सव मनाइएको छ ।
जनकपुरधामसहित देशको विभिन्न चार स्थानमा मैथिली विकिमेडियन्सले कार्यक्रमको आयोजना गरेको छ ।
जनकपुरधाम, सप्तरीको राजविराज,उदयपुर तथा तथा झापाको विर्तामोडमा विकिपिडियामा मैथिलीको लेख रचना राखेर स्वयंम सेवकको भूमिका निर्वाह गरिरहेका युवाहरुले ९औं वार्षिकोत्सव उत्हास पूर्वक मनाएका हुन् ।
जनकपुरधाममा स्थानीय रामानन्द चोकमा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीको अध्यक्षतामा केक काटेर सामूहिक रुपमा खुशिहाली मनाइएको छ । अधिवक्ता एवम् युवा अभियानी अभिशेष झाले विकिमिडिया र मैथिली विकिमिडयन्सको बारेमा सहजीकरण गर्दै जानकारी गराएका थिए ।
पत्रकार ध्रुबकुमार झाले संचालन गरेको सो कार्यक्रममा मैथिली अभियन्ताहरु सुजित कुमार झा,सरोज कुमार मिश्र,शोभाकान्त पाण्डे(गुड्डु),मैथिली अनुरागीहरु,स्थानीय विभिन्न संचारमाध्यमका संचारकर्मीहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।कार्यक्रममा भूमि फोक फेष्टका संस्थापक एवम् म्युजिसिएन रश्मिरंजन झा सहितका कलाकारहरुको पनि सहभागिता रहेको थियो ।
कार्यक्रममा बोल्दै कोषका अध्यक्ष मैथिली विकिपेडियाको लागि अहिले जनकपुरधाममा निर्माणाधिन रहेको कोषको भवनमा ई लाईब्रेरी बनाएर जनकपुरधामका विकिमेडियन्सहरुलाई लेख रचनाका लागि ठाउँ उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरे ।
मैथिलीलाई अन्तर्राष्ट्यि स्तरमा चिनाउनका लागि युवाहरुले थालेको यस अभियानलाई जनकपुरधामका हरेक मैथिली अनुरागीले सक्रिय रुपमा सहयोग गर्ने विश्वास समेत अध्यक्ष चौधरीले व्यक्त गरे । उनले भने,यो एउटा अभियान हो हामि सबैले यसलाई अगाडि बढाउन सहयोग गर्न जरुरी छ ।

# जानकी आँखा अस्पतालमा
# संघर्ष समिति गठन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
केहि वर्ष देखि राजनीतिको सिकार बन्दै गइरहेको मधेश प्रदेशकै वहुचर्चित जानकी आँखा अस्पताल जनकपुरधाममा संघर्ष समिति गठन भएको छ ।
जनकपुरधामस्थित रामानन्द युवा क्लबको सभाकक्षमा बुधबार स्थानीयवासी एवम् अभियन्ताहरुको बसेको बैठकले १७ सदस्यीय आँखा अस्पताल सुधार संघर्ष समितिको गठन गरेको हो । रामानन्द युवा क्लबका अध्यक्ष शशिभुषण झा (आशुतोष)को अध्यक्षतामा भएको सो बैठकले झाकै संयोजकत्वमा संघर्ष समितिको गठन गरेको बैठकमा सहभागि श्याम सुन्दर झाले जानकारी दिए ।
समितिमा नरसिंह युवा क्लबका अध्यक्ष संजिव मिश्र, बाल्मिकि युवा क्लबका अध्यक्ष सन्तोष राउत, जनकपुरधाम उपमहानगरपालिका ८ का अध्यक्ष दिनेश सिंह, जउनपा ९ का अध्यक्ष परमेश्वर साह, नेपाली काँग्रेस जउनपा ८ का अध्यक्ष सुरेन्द्र शर्मा, जनमत पार्टी रंजीत राम, नेकपा एमालेका जैनुल राइन, नेकपा समाजवादीका मोहन उपाध्याय, जनता समाजवादी पार्टीका रामदेव यादव, लोकतान्त्रिक समाजवादी पार्टीका शम्भुनाथ झा निदोर्षि, राप्रका बरुण झा, नागरिक समाजका तर्फबाट श्याम सुन्दर झा, कमल साह, तमलोपाका मिथलेश कुमार झा, जउनपा १३ का अध्यक्ष जीत बहादुर राउत, नेकपा माओवादीका अनिल सिंहसहितका व्यक्तिहरु सदस्य रहेका छन् । सो समितिले अस्पतालमा देखिएको बेथीति, अध्यक्ष नरेश कुमार सिंहको मोनोपोली गरिरहेका लगायतको विषयमा अध्ययन गरी आगामी रणनीति तयार पार्ने जनाइएको छ । अस्पताल सुधारका लागि कडा भन्दा कडा आन्दोलन नै गर्नु परे पछाडि नपर्ने समितिका संयोजक झाले बताए ।
आँखा अस्पताल विकास समितिका अध्यक्षमा नरेश प्रसाद सिंह नियुक्त भएदेखि विगत १० महिना यता अस्पतालको अवस्था दयनीय बन्दै गएको आरोप लाग्दै आएको छ । अस्पतालमा बेथीति बढ्न थालेपछि करिब एक महिना पूर्व अस्पतालमा स्थानीयवासीहरुले अध्यक्ष सिंह विरुद्ध चर्को नारबाजी समेत गरेका थिए । नाराबाजी पछि अस्पतालको विवाद जिल्ला प्रहरी कार्यालय धनुषासम्म पुगेको थियो ।

# बजेट पहिचान समन्वय तथा
# सहकार्यमा हुनेः योजना आयोग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रदेश र स्थानियतहको असन्तुष्टि हटाउन जनकपुरधाममा राष्टिय योजना आयोगले स्थानियतहका पदाधिकारीहरुसंग अन्तरक्रिया छलफल गरेको छ ।
मंगलबार जनकपुरधाममा मधेश प्रदेशका १ सय ३६ वटै पालिकाका प्रमुख तथा उपप्रमुख, प्रशासकिय अधिकृतहरुसंग आयोगले अन्तरक्रिया गरेको छ । पछिल्लो पञ्चवर्षिय योजनाप्रति प्रदेश तथा स्थानीय सरकारहरुको व्यापक असन्तुष्टी रहेकाले ती असन्तुष्टी आउन नदिनकै लागि स्थानीय तहहरुको धारण १६यौँ योजनामा समेट्ने उद्देश्यले अन्तरकृया गरिएको राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतले जानकारी दिए । पञ्चवर्षिय १६औँ योजना तर्जुमा कार्यक्रममा स्थानीय, प्रदेश र संघको योजनालाई समेटेर एकले अर्काको बजेट पहिचान समन्वय तथा सहकार्यमा हुने राउतले बताए । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहको प्रमुख आतिथ्यमा भएको अन्तरकृया कार्यक्रममा राष्ट्रिय योजना आयोगले आगामी पञ्चवर्षिय योजनामा स्थानीय तहको धारणा समेटने उद्देश्य लिएको बताइएको छ । कार्यक्रममा प्रदेशका ८ वटै जिल्लाका पालिका प्रमुख, उपप्रमुख तथा प्रशासकिय अधिकृतको सहभागिता रहेको थियो ।

# मावि गिद्धामा होस्टेल र क्यान्टिन संचालन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विदेह नगरपालिका स्थित जनता नमुना मावि गिद्धा बेलापट्टिमा होस्टेल र क्यान्टीन संचालनमा ल्याइएको छ ।
विद्यालयमा अध्ययन अध्ययापनको लागि आउने गरिब, विपन्न विद्यार्थीहरुले डेरा बस्नुपर्ने बाध्यतालाई अन्त्य गर्दै होस्टेल संचालनमा ल्याएको हो । यसको साथै टिफिन समयमा विद्यालय परिसरभन्दा बाहिर गएर खाजा खानुपर्ने बाध्यतालाई समेत अन्त्य गर्दै विद्यालयभित्रै क्यान्टीन संचालनमा आएको हो ।
विदेह नगरपालिकाका मेयर बेचन दास र प्रमुख प्रशासकीय अधिकृत संजीव कुमार साहले होस्टेल (छात्रावास) र क्यान्टीन (चमेनागृह) को उदघाटन गर्दै संचालनमा ल्याइएको हो ।
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् विदेह नगरपालिका वडा नं. ५ का वडाध्यक्ष राधेशश्याम गोईत (देवेन्द्र) को अध्यक्षता तथा नगर प्रमुख दासको प्रमुख आतिथ्यमा छात्रावास र चमेनागृहको उदघाटन गरिएको थियो ।
शैक्षिक क्रान्तीमा नयाँ आयाम थप्दै समुदायिक विद्यालयमै सात्विक शिक्षा सम्भव छ भनेर प्रमाणित गरेर देखाएका विद्यालयका प्रधानाध्यापक पवन मण्डलले गरिव, विपन्न, पिछडिएका वर्ग समुदायका बालबालिकाहरुको सुविधालाई ध्यानमा राखी छात्रावासलाई मूर्तरुप दिन सफल भएका हुन् । प्रअ मण्डलले विद्यालय परिवारले विद्यालयमा नै संचालित निःशुल्क अंग्रेजी माध्यमको स्कूलमा आवासीय रुपमा आफ्ना वालवालिकाहरुलाई विद्यालयमा भर्ना गराउन सकिने बताए ।
छात्रावासमा बस्ने विद्यार्थीहरुलाई छात्रावासको आचार संहिता र दैनिक कार्यतालिकाको आधारमा तथा छात्रावासको वार्डेनको अनुशासनमा राखी पढाईने उनले बताए । प्रअ मण्डलले कुनै पनि नीजि बोर्डिंग स्कूलभन्दा उत्तम शिक्षा दिने वाचासहित विद्यार्थीहरुलाई नमाङ्कन गराउन अपिल गरे ।

# सुनचाँदी र भारतीय
# रुपैयाँसहित तीन पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सशस्त्र प्रहरी बलले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–१ खाँडो खोलाबाट सुनचाँदी र प्रतिबन्धित भारतीय रुपैयाँसहित तीन जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा रामेछापको सुनपाती गाउँपालिका–६ खिम्टीबेसीका १७ वर्षीय उत्सव पाण्डे, लमजुङको राईनास गाउँपालिका–२ पन्थेडाँडाका १८ वर्षीय रोशन शाही ठकुरी र काठमाडौँ–१० नयाँ बानेश्वरका १६ वर्षीय रिकेश श्रेष्ठ छन् ।
बोर्डर आउट पोष्ट (बिओपी) तिलाठीबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपाल आउँदै गरेका उनीहरूलाई चेकजाँच गर्दा सुनचाँदी र भारतीय रुपैयाँ बरामद भएको हो ।
उनीहरूका साथबाट ३१.१ ग्राम सुन, १ सय ८८.१९ ग्राम चाँदी, ५ लाख ६८ हजार ५ सय ६३ प्रतिबन्धित भारतीय रुपैयाँ र चार थान मोबाइल बरामद भएको सशस्त्र प्रहरी बल, नेपाल नम्बर गण हेडक्वाटरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मोहनराज विष्टले जानकारी दिए ।

**५ राउन्ड गोलीसहित दुई पक्राउ**
यस्तै, सप्तरी प्रहरीले ५ राउन्ड राइफलको गोलीसहित बनौली स्थित हुलाकी सडक खण्डबाट दुई युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिरहा, लक्ष्मीपुर पतारी गाउँपालिका–२ का १९ वर्षीय धर्मजित कुमार यादव र सप्तरी, खडक नगरपालिका–११ बनौलीका १८ वर्षी हरिशङ्कर यादव रहेको प्रहरीले जनाएको छ । धर्मजित साथबाट ५ राउन्ड राइफलको गोली फेला परेको र साथमा रहेका हरिशङ्करलाई पनि नियन्त्रणमा लिएको प्रहरीले बताएको छ ।

# बढ्दो साईवर अपराध नियन्त्रणका
# लागि प्रहरीद्वारा अभियान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
इन्टरनेटमाध्यमबाट समेत अपराध बढ्दै गएपछि सरकारले सामाजिक सञ्जाललगायतका प्राविधिकलाई नियन्त्रण तथा नियमन गर्न थालेपछि सरोकारवालले जनचेतनामुलक अभियान नै सञ्चालन गरेका छन् ।
सामाजिक सञ्जाल मार्फत कुनै व्यक्तिको चरित्र हत्या गर्नेदेखि फेक फेसबुक एकाउन्ट, टिकटक, इन्स्टाग्रामलगायत विभिन्न माध्यमबाट जथाभावी लेखेर फोटोसहित पोस्ट गर्ने र ठगी धन्धा चलाउने गिरोहलाई पनि कानूनी दायरामा ल्याउनका लागि जिल्ला प्रहरी कार्यालय धनुषाले अभियान चलाएको



हो ।यसै अन्तर्गत जनकपुरधाम उप–महानगरपालिका स्थित मोनाष्टिक आवासिय माध्यमिक विद्यालयका छात्रछात्राहरुलाई सरोकारवालको उपस्थितिमा साईबर अपराधसम्बन्धी जनचेतनामुलक तालिम दिएको छ ।धनुषा प्रहरीका प्रहरी निरीक्षक नवराज खड्काको कमाण्डमा खटेको प्रहरी टोलिले समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत मोनाष्टिक विद्यालयका कक्षा ११ र कक्षा १२ का विद्यार्थी, शिक्षक, शिक्षिकालगायतकालाई साईबर अपराध सम्बन्धी जनचेतनामुलक कक्षा संचालन गरिएको धनुषा प्रहरीले जनाएको छ ।



# जनतालाई जागृत हुन आह्वान गर्दछु

## किशोरी साह, उपमेयर जनकपुरधाम उपमहानगरपालिका

मधेश प्रदेशको राजधानी जनकपुरधाम, धार्मिकस्थल मात्रै नरही मुलुककै प्रमुख राजनीतिक स्थलमध्ये एक हो । यहाँको पर्यटनमा बढाबा दिएर जनकपुरधामका साथै मुलुकले समेत अर्थतन्त्रमा बढाबा दिन सक्ने वातावरण छ । तर अवस्था यस्तो छैन, उपमहानगरपालिकाले समेत विकास निर्माणको कार्यदेखि पर्यटन क्षेत्रमा आफनो लगभग डेढ वर्षे कार्यकालमा केही गर्न नसकेको जनगुनासो छ, मच्छरको समस्याले पिरोलेको छ । मधेशदृष्टिका **प्रमोद कुमार साह**सँग जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरीले गरेको कुराकानीको सम्पादित अंशः

**एक वर्षको कार्यकालमा तपाईं आफनो काम र कर्तव्यबाट कति सन्तुष्ट हुनुहन्छ ?**
कार्यकाल त हाम्रो पाँच वर्षको हुन्छ, अहिले त एक वर्ष र केही महिना मात्र भएको छ । ६ महिना त आफनो कामकर्तव्यबारे बुझनैमा गयो । हाम्रो न्यायिक फाँटको अवस्था, बालबालिका फाँटको अवस्था, अपांग, कृषिलगायतको अवस्था ठिक थिएन, यसलाई मिलाउन अलिकति समय लागेको छ, सही ढंगले परिचालन गर्न मेहनत गर्नुपर्यो, किनभने यो भन्दा पहिले न्यायिक समिति र मुद्दा एउटै ठाउँमा थियो । त्यसकारण क्लियर नहुनुका साथै पेन्डिङ पनि बढी थियो । अहिले न्यायिक समितिलाई अलग गर्यौं, कामदेखि फाँटसम्म अलग गरेर काम भइरहेको छ । अहिले पनि न्यायिक समितिमा धेरै सुधार हुनु बाँकी छ ।

**न्यायिक समितिको काम कति विश्वसनीय छ ?**
मैले भन्नुभन्दा तपाईंहरु आफैं विश्लेषण गर्नुहोला तर मेरो विचारमा जनकपुरधाम उपमहानगरपालिकामा भइरहेको न्यायिक समितिको काम यस क्षेत्रमै सबैभन्दा बढी उत्कृष्ट छ । मुद्दाको छिनोफानोदेखि मेलमिलाप गराउदा उहाँहरुलाई सन्तुष्ट पारेर पठाउँदासम्म काम राम्रै भएको अनुभव गरेको छु । यहाँको न्यायिक समितिबाट पक्षविपक्ष दुवै सन्तुष्ट भएर गएको देखेको छु । जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत न्यायिक समितिले गरेका कार्य पूर्ण सराहनीय छ, यसका लागि वर्षमा एकपटक न्यायालयबाट न्यायाधीशको नेतृत्वमा टोली आउँछ



र उहाँहरुले न्यायिक समितिले गरेका काम कारबाही हेर्ने गर्छ र उहाँहरुले नै धनुषामै सबैभन्दा उत्कृष्ट काम गरेको भनेर प्रशंसा पनि गर्नुभएको छ, न्यायालयले पनि जनकपुरधाम उपमहानगरपालिकाको न्यायिक समितिको कार्य प्रशंसनीय रहेको भन्दै स्वीकार गरेको अवस्थामा न्यायिक समितिको काम कस्तो छ भन्ने आफैँ विश्लेषण गर्न सक्नुहुन्छ । यसभन्दा पहिले यस फाँटमा बजेट पनि थिएन तर यसवर्ष न्यायिक समितिमा काम गर्दा हुने विभिन्न किसिमका खर्चका लागि बजेट उपाय गरिएको छ । यसभन्दा पहिले बजेट नरहँदा पनि राम्रै काम गरेका थियौँ, अहिलेसम्म हामीले लगभग पौने दुईसय मुद्दा छिनोफानो गरिसकेका छौँ । मेलमिलाप, अदालत पठाउनेदेखि लिएर निर्णय गर्नेसम्म हामीले गरेका छौँ, वर्षौं पुराना मुद्दा जुन दराजमा दबिएका थिए, ती सबै मुद्दा हामीले छिनोफानो गरेका छौँ । बाँकी मुद्दा छिट्टै समाधान गर्नेछौँ । मेरो विचारमा जिल्लामै सबैभन्दा बढी सक्रिय जनकपुरधाम उपमहानगरपालिकाको न्यायिक समिति छ ।

**जनकपुरधामको विकासका सन्दर्भमा उपमहानगरका जनप्रतिनिधिमाथि 'भिजन कम रहेको' भनेर जनगुनासो छ ,यसमा तपाईं के भन्नुहुन्छ ?**
यस विषयमा मिडिया र नगरवासीले नै विश्लेषण गर्ने हो, हामी त पदमा बसेको र जिम्मेवार रहेकाले आरोप लाग्नु स्वाभाविक हो, पदमा बस्दा काम गर्न सकिएन भनेर आरोप लाग्नुलाई उचित नै ठानेको छु । हामीले सेवा प्रदान गरेकै हौँ, तर हुनसक्छ कुनै कमीकमजोरी भएका होलान्, या विकास निर्माण होस् या न्यायक्षेत्रमा या अपांग, कृषि क्षेत्रलगायतमा अन्य नगरपालिकाको तुलनामा हामीले गरेको सेवा प्रवाहमा केही कमीकमजोरी छ भने सुर्धा तयार छौँ । तर यसका लागि सेवा प्रवाहमा कस्तो किसिमको कमीकमजोरी हो भन्ने पनि जनमानसबाट सुझाव आउन जरुरी छ । यस्तो गरेँ, उस्तो गरेँ भनेर आफैँले प्रशंसा गरेजस्तो हुने भएकाले जनमानसबाट सल्लाह, सुझाव अपेक्षा गर्दछु ।

**धनुषामा खास गरेर मेयर र उपमेयरबीच मतभेद भएको अवस्था छ, एक अर्काको निर्णयलाई नमान्ने प्रवृत्ति पनि देखिएको छ, जनकपुरधाम उपहानगरपालिकामा यस्तो छ कि छैन ?**
मेयर र उपमेयर दुई पद भएपछि नै दुई पदबीच आपसी खिँचातानी हुनु स्वाभाविक हो, नगरपालिका सञ्चालनका लागि मेयर र उपमेयरको पद सृजना गरिएको हो । तपाईंहरुले नै दुवैको कमीकमजोरीलाई नागरिकबीच ल्याउनुस्, आफ्नो कमीकमजोरी बुझेपछि सुध्रिने मौका पनि हुन्छ, बाँकी रह्यो मेयर र उपमेयरबीच मतभेदको विषयमा मेयर र उपमेयर मतभेद गर्नका लागि आएका होइनन्, आफनो कार्य गरी सेवा प्रदान गर्नका लागि आएका हुन् ।

**निर्णयहरुमा मेयरउपमेयरमा मतभेद रहेको विभिन्न ठाउँमा पनि देखिएको छ, यहाँको अवस्था कस्तो छ ?**
त्यस्तो अवस्था जनकपुरधाम उपमहानगरपालिकामा छैन, यस्ता किसिमका कुनै निर्णय हुन्छन् र बोर्डमा आउँछ, बोर्डमा विभिन्न वडाका जनप्रतिनिधिदेखि लिएर कार्यपालिका सदस्य हुन्छन् । त्यस्तो अवस्थामा केही न केही हुन्छ नै तर जनकपुरधाम उपमहानगरपालिकामा त्यस्तो किसिमको समस्या छैन, यसकारण पनि कि उपमेयरलाई बढी विकासको काममा सहभागिता दिइएको छैन, विकासको काम सबै मेयरको क्षेत्रभित्र पर्छ, त्यसकारण विकासका विषयमा बढी कुरा उहाँलाई नै सोध्नुहोला, सही सम्प्रेषणका लागि ।

**जनकपुरधाममा मच्छरको समस्या धेरै छ, यसले उपमहानगरका जनप्रतिनिधिलाई आलोचना पनि खेप्नु परेको छ, मच्छरको समस्या समाधानका लागि के हुँदै छ ?**
मलाई तीन चार दिन पहिले मेयरजीले भन्नुभयो कि तीनदेखि दुईवटा खराब मेसिन बनेर आएको छ र नगरभर नै मच्छरको औषधी छर्कने काम भइरहेको छ । तपाईंले पनि मिडियाहरुमा भन्नुहोला भनेर उहाँले भन्नुभयो । तर मैले अहिलेसम्म ती मेसिनहरुले नगरमा औषधी छर्केको देखेको छैन । तर पनि उहाँको कुरा झुठ हो भनेर पनि भन्न सकिन्न । म पनि यसै नगरको हुँ र बढी घुम्ने पनि गरेकै छु । हुन सक्छ मैले नै नदेखेको होला, हेरौँ यसो घुम्दै गर्दा कहिले देखिएला कि ?

**इरिक्साको समस्या व्याप्त छ, यसले जनकपुरधाममा ट्राफिकको समस्या पनि बढेको छ, यसका लागि के गर्दै उपमहानगर ?**
इरिक्साको विषयमा हाम्रो बैठक बसेको थियो,जनकपुरधाम उपमहानगरपालिकाअन्तर्गतका सबै इरिक्सालाई उपमहानगरको दायरामा ल्याउनुपर्ने हामीले निर्णय गर्यौं, नम्बर प्लेट र इजाजतपत्र लिएर चलाउनका लागि हामीले निर्णय गर्यौं, दर्ता सुरु भइसकेको छ ।

**तपाईं भन्नुहुन्छ काम सुरु भइसकेको छ तर कार्यान्वयन भएको देखिएन त ?**
अहिले कुनै समस्या छैन, कर प्रमुख परमेश झाजीलाई अलग्गै फाँट सञ्चालन गरेर उहाँलाई अधिकार प्रदान गरिएको छ, दुई जना कर्मचारी राखेर कार्य सञ्चालन गर्ने निर्णयसमेत भइसकेको छ । सायद दर्ता चलानीको कार्य र आवेदन लिन सुरु पनि भइसकेको होला ।

**चुनाव जित्नुभन्दा अघि जनतालाई गरेका प्रतिवद्धता उपमेयर भइसकेपछि कति पूरा गर्नुभयो र उपमेयरको रुपमा आफूले देखेको सपना पूरा गर्न कति अग्रसर हुनुभएको छ ?**
करिब करिब त्यसतर्फ नै लागेकै छु, खास गरेर जनकपुरधाममा सरसफाइमा बढी जोड दिएको थिएँ, पहिले भन्दा अलिकति सरसफाइ त देखिएको छ तर फोहोर पनि भएको छ । म स्वीकार गर्छु, फोहोर एकठाउँमा एकत्रित गरेर त्यसको प्रयोग गर्न दश बिघा जग्गा आवश्यक छ, जग्गामा ल्याण्डफिल साइट निर्माण गरेर त्यसमा मेसिन लगाइ सड्ने र गल्ने फोहोर खाद्य बनाउने अनि अर्को किसिमको फोहोरबाट मोहर कमाउने प्रविधि बनाउने तथा नष्ट गर्ने फोहोर नष्ट गर्न प्लान्ट आवश्यक छ । प्लान्ट राख्न जग्गा आवश्यक छ, नगरपालिकासँग जग्गा छैन, जनकपुरधाममा रहेको जग्गा गुठी संस्थानसँग छ, गुठीले व्यक्तिलाई जग्गा दिन तयार छ तर संस्थालाई जग्गा दिन तयार छैन ।

**ल्याण्डफिल साइट बनिरहेको छ, अहिले गोप्य राखेका छौँ भनेर पहिले पनि भनिएको हो तर अहिले तपाईं भन्दै हुनुहुन्छ गुठीले जग्गा नै दिएन, के हो सत्यता ?**
बन्दै छ भनेर भनेको होइन, ल्याण्डफिल साइटका लागि जग्गा अकुपाइ गरिएको छ । जुन गुठीको जग्गा हो भनेर भनिएको छ । हिजै जानकी मन्दिरलाई विश्वसम्पदामा सूचीकृत विषयमा जानकी मन्दिरमा बैठक बसेको थियो । त्यसमा पनि गुठीको कागजात दिनुस् म काठमाडौँ गएर ल्याण्डफिलकाा लागि जग्गाको प्रक्रियामा जान्छु भनेर विषय पनि उठान गरेकै हुँ, सोच्न त धेरै कुरा सोचेको छु, चाहन्छु फोहोरको समस्या समाधान होस् तर सबै आफैँले सोचेका कुरा सफल पनि त हुन सकिरहेको छैन, हेरौँ । यो समस्याप्रति गम्भीर छु तर कसरी अगाडि बढने ? त्यो तपाईंहरुले पनि हेर्नुहुनेछ ।

**नगरवासीमा जनकपुरधाम उपमहानगरका तपाईंलगायतका जनप्रतिनिधिमाथि धेरै जनगुनासो छ, त्यसलाई चिर्न नगरवासीलाई के भन्न चाहनुहुन्छ ?**
नगरवासीलाई यही भन्न चाहन्छु कि जुन काम तपाईंहरुलाई गराउनु छ या मैले के गर्नुपर्ने हो । त्यो काम उपमहानगरपालिकाले गर्न सकिरहेको छैन भने तपाईंहरु आउनुस्, नगरपालिका, प्रमुखलाई भेट्नहोस्, उपप्रमुखलाई भेट्नुहोस्, डेलिगेसन लिएर आउनुहोस्, धर्ना दिनुहोस्, जुलुस निकाल्नु होस्, हामीले काम किन नगर्ने ? तपाईंको जनप्रतिनिधि बनेर आएका छौँ । तपाईंहरुले नै हामीलाई भोट दिनुभएको छ । तसर्थ तपाईंको अधिकार छ हामीमाथि । तपाईंहरु सुतुहुन्छ भने यस्तै चल्दै रहन्छ । जनतालाई जागृत हुन आह्वान गर्दछु ।

# प्रतिस्पर्धात्मक सेमिफाइनलमा वीरगंज पराजित

## आजको खेलः त्रिभुवन आर्मीविरुद्ध संकटा क्लब







**मधेशदृष्टि**
**वीरगंज ।**
प्रथम वीरगंज गोल्डकप फुटबल प्रतियोगितामा आयोजक वीरगंज भेट्रान सिटी क्लब पराजित भएको छ । बुधबार वीरगंजस्थित आदर्शनगर रंगशालामा भएको पहिलो सेमिफाइनल खेलमा नेपाल पुलिस क्लब काठमाडौँसँग वीरगंज पराजित हुन पुगेको हो । निकै प्रतिस्पर्धात्मक बनेको खेलको दोस्रो ट्राइबे्रकरमा वीरगंज भेट्रान सिटी क्लबलाई स्तब्ध बनाउँदै पुलिस ६ गोलकाविरुद्ध ७ गोलले विजयी भएको हो । जितसँगै नेपाल पुलिस क्लब फाइनल प्रवेश गरेको छ । निर्धारित ९० मिनेटको खेल र थपिएको समयमा पनि कुनै पनि टोलीले गोल गर्न नसकेपछि खेल ट्राइब्रेकरमा पुगेको थियो । पहिलो ट्राइब्रेकरमा समेत दुवै टोलीले ५–५ गोल गरेपछि खेल बराबरीमा पुगेको थियो । दोस्रो ट्राइब्रेकरको पहिलो प्रहारलाई पुलिस र वीरगंजका खेलाडीले जाली चुमाएका थिए । दोस्रो प्रहारमा पुलिसले जाली चुमाएको थियो भने वीरगंज असफल भएको थियो । पुलिसका गोलकिपर शत्रुध्न चौधरीले वीरगंजले प्रहार गरेको बल रोकेसँगै वीरगंज भेट्रान सिटी क्लब ६ गोलमा सीमित हुन पुग्यो र पुलिस ७ गोलसँगै विजयी भयो । खेलको म्यान अफ दि म्याच पुलिसका जर्सी नम्बर १ का गोल किपर शत्रुध्न चौधरी घोषित भए । आज हुने दोस्रो सेमिफाइनलमा त्रिभुवन आर्मी क्लब काठमाडौँ र संकटा क्लब काठमाडौँ प्रतिस्पर्धा गर्नेछन् ।
मधेश प्रदेशकै सर्वाधिक धनराशी रहेको प्रथम वीरगंज गोल्डकप फुटबल प्रतियोगिता आगामी कार्तिक २५ गतेसम्म जारी रहने छ । प्रतियोगिताको उपाधि विजेता टिमले नगद ११ लाख ११ हजार १ सय ११ रुपैयाँ र उपविजेता टिमले नगद ५ लाख ५५ हजाार ५ सय ५५ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताको मुख्य प्रायोजक वीरगंज महानगरपालिका हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन